‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : २३० ★ ने. सं. ११४६ गुँला गा, चतुर्दशी ★ बिहीबार ★ २५ भदौ, २०८३ ★ September 10, 2026, Thursday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८




प्रजातान्त्रिक जन गणतन्त्र कोरिया (उत्तर कोरिया) स्थापनाको ७८ औं वार्षिकोत्सव मनाउन देशको राजधानी प्योङयाङस्थित किम इल सुङ स्क्वायरमा भेला भएका लाखौं जनता तथा कोरियाली जनसेना सेप्टेम्बर ८, २०२६ को बेलुकी । समारोहमा भाग लिन सेना र जनता सम्मिलित पैदल जनऱ्याली मान्सु हिलदेखि किम इल सुङ स्क्वायरसम्म पुगेको थियो । सन् १९४५ मा जापानी साम्राज्यवादलाई परास्त गरी कोरिया जापानी उपनिवेशवादबाट मुक्त भएपछि सेप्टेम्बर ९, १९४८ मा महान् नेता किम इल सुङको नेतृत्वमा औपचारिक रुपमा प्रजग कोरियाको घोषणा भएको थियो ।

*तस्बिर : केसिएनए*

# “भक्तपुर काण्ड पञ्चायती राज्य षड्यन्त्र नै थियो”




भक्तपुर, २४ भदौ । नेपाल नगरपालिका कर्मचारी एसोसियसन, भक्तपुर एकाइ समितिको आयोजनामा ‘भक्तपुर काण्ड’को विरोध एवम् भत्सर्ना कार्यक्रम बुधबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भक्तपुरमा घटेका सबै घटनाको आरोप नेमकिपाका नेता-कार्यकर्तालाई लगाउने तत्कालीन पञ्चायती सरकारका प्रधानमन्त्रीले अदालतबाट कुनै टुङ्गो नलाग्दै ‘रोहितलाई फाँसी दे’ भनी सडकमा नारा लगाएको षड्यन्त्र नै थियो भन्नुभयो ।

उहाँले बताउनुभयो, “तत्कालीन पञ्चायती सरकारले नेमकिपाको सथर्मन गर्ने शिक्षक-कर्मचारीहरूलाई बर्खास्त गर्ने र पक्राउ गर्ने गरेको थियो । सत्य र न्यायको पक्ष लिएका शिक्षक र कर्मचारीहरू पञ्चायती सरकारको दबाबमा नपरी जेल जीवन बिताउन तयार भएका थिए ।”

“वरिष्ठ मानव अधिकारवादी तथा कानुनका ज्ञाता हृषिकेश शाहले नेमकिपाका नेता र कार्यकर्ताको पक्षमा विशेष अदालतमा बहस गर्दै न्यायाधीशहरू सिंहासनको सिंह हुन नहुने, राजा र प्रजाबिचको खेलको निर्णायक हुनुपर्ने विचार राख्नुभएको थियो”, सचिव सुवालले उल्लेख गर्नुभयो ।

*बाँकी पृष्ठ ८ मा*

# विषय वस्तुमा जानकार र सङ्गठित हुन सके मजदुरहरू डराउन नपर्ने




भक्तपुर, २४ भदौ । नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा श्रम ऐन २०७४ र सामाजिक सुरक्षा ऐन २०७४ बारे अभिमुखीकरण कार्यक्रम बुधबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले प्रचलनमा रहेका नियम-कानुनलगायत देशको भूगोल र राजनीतिबारे मजदुरहरू जानकार हुनु जरूरी छ भन्नुभयो ।

विषय वस्तुमा जानकार र सङ्गठित हुन सके मजदुरहरू डराउन नपर्ने स्पष्ट पार्दै उहाँले भन्नुभयो, “इमानदार, निष्ठावान, असल आचरण र सङ्गठनको भावनाअनुसार अगाडि बढ्न सके पछुताउनुपर्ने स्थिति आउने छैन ।”

मजदुरहरू परिवर्तनको वाहक हुने धारणा राख्दै उहाँले संसारका प्रसिद्ध क्रान्तिहरू मजदुर-किसानकै सहभागिता सम्पन्न भएकोले मजदुरहरू अध्ययनशील हुनु जरूरी छ भन्नुभयो ।

उहाँले भन्नुभयो, “वर्तमान सरकारले भ्रष्टाचारको अन्त्य र सुशासन कायम गर्न सकेन । शिक्षा, स्वास्थ्य र बिजुलीजस्तो अति अत्यावश्यक बन्दोबस्तमाथि कर लगाएबाट सरकार मजदुर-किसानको पक्षमा नरहेको स्पष्ट हुन्छ ।”

भदौ १० गते बिहान रसुवा जिल्लामा हिम-चट्टान फुटेर भोटेकोशी नदीमा गएको भीषण बाढीले बागमती प्रदेशका रसुवा, नुवाकोट, धादिङ जिल्लामा पुऱ्याएको ठुलो धन-जनको क्षतिप्रति दुःख व्यक्त गर्दै केन्द्रीय सदस्य गोसाईले बाढी-पहिरामो परी निधन भएकाहरूप्रति भावपूर्ण श्रद्धाञ्जली एवं शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्नुभयो ।

*बाँकी पृष्ठ ८ मा*

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १११

**सोचको सिमा (Boundaries of thought) :-**

यस देशका नागरिकहरू स्वतन्त्र जेलमा छैनन् । तर, सामाजिक सञ्जालका प्रयोगकर्ताहरूलाई निश्चित घेराभित्र सीमित राखिएको छ । यही अल्गोरिडमको सबैभन्दा ठुलो सफलता हो ।

**१) फिल्टर बबल :-**

अल्गोरिडमले प्रयोगकर्ताहरूको डिजिटल व्यवहार (Digital Behavior) लाई पूर्ण रूपमा अध्ययन गरी नियन्त्रणसमेत गरिसकेको हुँदा प्रयोगकर्ताहरूलाई मनपर्ने, चासो लाग्ने सुचना समाचार र सामाग्रीहरू मात्र देखाउँछ । यसले गर्दा प्रयोगकर्ताहरूलाई यस्तो बबलमा थुनिदिन्छ जहाँ प्रयोगकर्ताले आफ्नो विचारभन्दा फरक केही सुन्न देख्न सक्दैन ।

**२) इको च्याम्बर :-**

यस्तो एउटा अवस्था (State) जहाँ प्रयोगकर्ताले आफ्नो विचारको प्रतिध्वनी (Echo) मात्र सुन्न सक्छ । जब प्रयोगकर्ताले पटक-पटक एउटै विचारको प्रतिध्वनी सुन्ने अवस्थामा पुग्छ जहाँ उसको सोच-विचार नै अन्य व्यक्तिहरूको सोच-विचार हो भन्ने लाग्छ । जबकि त्यो एउटा भ्रम मात्र हुन्छ ।

नेपालमा भएको जेनजी आन्दोलनमात्र नभई देशको चुनावी माहोलमा समेत यी दुई प्राविधिक अवधारणा (Technical Concept) ले सबैभन्दा ठुलो भूमिका खेलेको थियो ।

*बाँकी पृष्ठ ८ मा*

# देशको अवस्थाबारे उब्जिएका प्रश्न :

- भदौ २४ गतेको ‘नयाँ पत्रिका’ मा प्रकाशित भयो, “जेनजी आन्दोलको एक वर्ष न दमन गर्नेलाई कारबाही न ध्वंस गर्नेलाई सजाय ! घाउ उस्तै, प्रश्न उस्तै ! एक वर्षसम्म सात शवको सनाखत हुन सकेन । सहिद परिवारको माग न्याय र सुशासन देऊ । जेनजीका कार्यक्रममा रास्वपा सरकार प्रमुख गएनन् । दिए फेसबुकबाट श्रद्धाञ्जली ! रास्वपा सभापतिले विचलित नहुने दोहोऱ्याए ।” के विचलित नहुने भन्नुको अर्थ देश खरानी भएको हेरिराख्ने, भोटेकोसी बाढी पीडितको उद्धार र राहतमा विलम्ब हुनु हो ?

  रास्वपा सरकार आउनुमा नेड, आईआरआई, टीओबी, एसएफटी, बारबरा फाउन्डेसनको दुरुत्साहन र देशभरि झैँ आगजनीको पृष्ठभूमि भएको हुँदा यसले दमन गर्नेलाई कारबाही गर्ने र सुशासन कायम गर्ने विषय ‘आकाशको फल’ जस्तै हुने कतिपय विश्लेषकहरूले भनाइ छ ।
- गत वर्ष भदौ २३ गतेको घटनामा निहत्था १९ जना नेपालीको ज्यान गएको थियो भने भदौ २४ गतेको देशभरि झैँ आगजनीमा समेत परेर कुल ७६ जना नेपालीको मृत्यु भएको थियो । भदौ २३ गते शान्तिपूर्ण भनिएको प्रदर्शनलाई हिंसात्मक रूप दिने र त्यसमाथि दमन गर्नेहरू तथा भदौ २४ गते देशभरि झैँ आगजनी गर्नेहरूको मिलिमतो भइसकेको हुँदा यो सरकारबाट सुशासन कायम हुनेमा शङ्का उत्पन्न भयो । के देशभक्त जेनजीहरूले देश खरानी पार्न सक्छन् र ?
- नेकाका सभापति गगन थापाले भदौ २३ गतेको घटनाको जिम्मेवारी तत्कालीन सरकारमा बस्नेले लिनुपर्ने र दोषीलाई कारबाही हुनुपर्ने बताएको सार्वजनिक भयो । तर, भदौ २४ गते अपराह्न १:३० बजेसम्म गगन थापा संलग्न नेकाकै समर्थनमा एमालेका केपी ओली प्रधानमन्त्री र नेकाका कतिपय सांसदहरू मन्त्रीसमेत थिए । यसको नैतिक जिम्मेवारी गगनले पनि लिनु जरुरी छैन र ?
- एक १२-१४ वर्षका बालक वर्षामा रुझ्दै खाना पकाउने ग्यास सिलिन्डर किन्न लाइनमा बसेको र सिलिन्डर आफै सार्दै गरेको दृश्य यतिबेला सामाजिक सञ्जालमा फैलिएको छ । त्यहाँ लेखिएको छ, “नयाँ सरकार, नयाँ सङ्कट, उही पुरानो देश, मात्र नयाँ व्यापारी !”

एकजनाले सञ्जाल (नागरिक आवाज) मा लेखे - “२०८२ साल भदौ २३ र २४ गते केवल केही भवनहरू जलेका थिएनन् । देशको मन जलेको थियो ।” रास्वपा सरकारले खाना पकाउन ग्यास बन्दोबस्त गर्न सकेन, अरु के गर्न सक्ला ?




**पञ्चदान पर्व**

भक्तपुर नगरपालिका-९ सूर्यमढी डबलीमा बाजागाजासहित ल्याइएको पाँच महाविहारबाट निकालिएका पाँच दीपङ्कर बुद्ध। पञ्चदानका अवसरमा पाँच महाविहारबाट निकालिएका पाँच दीपङ्कर बुद्धलाई दिनभर भक्तपुर नगरका विभिन्न स्थान तथा बौद्ध विहारमा परिक्रमा गराउने चलन छ।

*तस्बिर: रेणु त्वानाबासु/रासस*

# पाठ्यक्रम परिमार्जनका लागि सुझाव सङ्कलन

काठमाडौँ, २४ भदौ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ परिमार्जनका लागि सरकारले देशभरबाट सुझाव तथा पृष्ठपोषण सङ्कलन सुरु गरेको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयको मन्त्रिस्तरीय निर्णयअनुसार पाठ्यक्रमलाई समय सापेक्ष, व्यवहारिक, जीवनोपयोगी तथा प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलले सातै प्रदेशका २८ जिल्लाबाट फिल्डस्तरमा सरोकारवालाको सुझाव तथा पृष्ठपोषण सङ्कलन सुरु गरेको हो।

कार्यदलका सात वटा टोलीले बुधबारदेखि भदौ ३० सम्म विभिन्न जिल्लामा पुगेर शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, अभिभावक, विज्ञ, नीतिनिर्माता, स्थानीय तह तथा अन्य सरोकारवालासँग प्रत्यक्ष अन्तरक्रिया गर्नेछन्।

पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक महेन्द्र पराजुलीका अनुसार पहिलो चरणमा २८ जिल्लाबाट सुझाव सङ्कलन गरिनेछ। त्यसपछि ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइबाट सुझाव लिइनेछ भने केन्द्रको वेबसाइटमार्फत समेत सुझाव प्राप्त गरिनेछ।

तिहारअघि सुझाव तथा पृष्ठपोषण सङ्कलनको काम पूरा गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो। "पाठ्यक्रम परिमार्जन गर्दा विद्यालय शिक्षा क्षेत्रसँग प्रत्यक्ष जोडिएका शिक्षक, विद्यालय, स्थानीय तह र अन्य सरोकारवालाको अनुभव तथा सुझावलाई समेट्न फिल्डस्तरमा पृष्ठपोषण सङ्कलन गरिएको हो", पराजुलीले भन्नुभयो।

राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्को ९८ औँ बैठकको निर्णयअनुसार गत वैशाखमा प्राडा बालचन्द्र लुइँटेलको संयोजकत्वमा राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदल गठन गरिएको थियो।

कार्यदलअन्तर्गत १२ वटा विषयगत समूह छन्। ती समूहले प्रदेश तथा जिल्लास्तरमा पुगेर सुझाव सङ्कलन गर्नेछन्।

कतिपय जिल्लामा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल, मन्त्रीका प्रमुख सल्लाहकार तथा मन्त्रालयका उच्च अधिकारीसमेत सहभागी हुने मन्त्रालयले जनाएको छ।

मन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले बौद्धिक पूर्वाग्रहबाट टाढा रहेर फिल्डको वास्तविक अवस्था बुझ्दै भावी पुस्ताको भविष्यलाई केन्द्रमा राखेर पाठ्यक्रम परिमार्जन गरिने बताउनुभएको छ।

पाठ्यक्रम विकास केन्द्रको कार्ययोजनाअनुसार कोसी प्रदेशमा मोरङ, धनकुटा र सङ्खुवासभा; वागमतीमा दोलखा, मकवानपुर र काठमाडौँ; त्यसैगरी गण्डकीमा गोरखा, कास्की र तनहुँ; लुम्बिनीमा प्युठान, रूपन्देही र दाङ; कर्णालीमा मुगु, सुर्खेत र दैलेख तथा सुदूरपश्चिममा कैलाली, डडेलधुरा, डोटी र बैतडीमा फिल्ड कार्यक्रम सञ्चालन हुनेछ। मधेस प्रदेशका आठ जिल्लासमेत कार्यक्रमअन्तर्गत समेटिएका छन्।

सम्बन्धित प्रदेशका सामाजिक विकास मन्त्रालय, स्थानीय तह, सामुदायिक तथा संस्थागत विद्यालय र शिक्षा विकास तथा समन्वय एकाइलगायतका प्रतिनिधिसँग छलफल गरी प्राप्त सुझावलाई पाठ्यक्रम प्रारूप परिमार्जन प्रक्रियामा समेटिने केन्द्रले जनाएको छ।

पाठ्यक्रम परिमार्जनका क्रममा विद्यालय शिक्षा क्षेत्रसँग प्रत्यक्ष सम्बन्धित शिक्षक, विद्यालय, स्थानीय तह तथा अन्य सरोकारवालाको अनुभव र सुझावलाई समेट्ने उद्देश्यले फिल्डस्तरमा पृष्ठपोषण सङ्कलन गर्न लागिएको हो।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ लाई समयसापेक्ष बनाउने क्रममा सुरु गरिएको यस सुझाव सङ्कलन अभियानलाई पाठ्यक्रम परिमार्जनको आधारका रूपमा प्रयोग गरिने बताइएको छ। *(रासस)*

# बाढीप्रभावितलाई तत्काल राहत र दीर्घकालीन पुनःस्थापनाका लागि सरकारको ध्यानाकर्षण

काठमाडौँ, २४ भदौ। राष्ट्रियसभाका सांसदहरूले बाढी प्रभावितलाई तत्काल राहत र दीर्घकालीन पुनःस्थापनाका लागि सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

राष्ट्रियसभाको बुधबारको शून्य समयमा सांसदहरूले रसुवाको भोटेकोसी बाढीबाट प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउन, उद्धार तथा पुनःस्थापनाको काम प्रभावकारी बनाउन र विपद् जोखिम न्यूनीकरणमा दीर्घकालीन योजना बनाउन सरकारको ध्यानाकर्षण गराउनुभएको हो।

बैठकमा सांसद कृष्णबहादुर रोकायले रसुवा र भोटेकोसी क्षेत्रमा गएको बाढीबाट बालबालिका, गर्भवती तथा ज्येष्ठ नागरिकलगायत अशक्त र जोखिममा रहेका समूह बढी प्रभावित भएको र उनीहरूलाई लक्षित गरी राहत तथा पुनःस्थापनाका कार्यक्रम सञ्चालन गर्न माग गर्नुभयो।

यसैगरी सांसद घनश्याम रिजालले विपद्का समयमा उद्धार, राहत र पुनःस्थापनाको काम प्रभावकारी बनाउन सङ्घ, प्रदेश र स्थानीय तहबिच थप समन्वय आवश्यक रहेको बताउनुभयो। जोखिममा रहेका हिमतालमा पूर्वसूचना प्रणाली जडान गरी सम्भावित विपद्को जोखिम न्यूनीकरणका लागि सरकारले विशेष पहल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

सांसद पदमबहादुर परियारले कृष्णभीरमा पहिरो गएको दुई साताभन्दा बढी समय भइसके पनि समस्या दीर्घकालीन रूपमा समाधान हुन नसकेको बताउनुभयो। उहाँले काठमाडौँ-नुवाकोट आवागमनलगायत सडक सम्पर्कमा देखिएका समस्याको स्थायी समाधान खोज्नुपर्ने र हवाई यातायातको भाडा महँगिएको विषयमा पनि सरकारको ध्यानाकर्षण गराउनुभयो।

सामाजिक सञ्जालमार्फत भोटेकोसी बाढीपीडित महिलालाई तथानाम गालीगलौज तथा दुर्व्यवहार गर्ने व्यक्तिमाथि कानुनी कारबाही गर्न सांसद पूजा चौधरीले माग गर्नुभयो। सांसद रुक्मिणी कोइरालाले बाढीपीडितलाई छिटोभन्दा छिटो राहत वितरणको व्यवस्था मिलाउन सरकारसँग आग्रह गर्नुभयो।

त्यसैगरी सांसद विष्णुकुमारी सापकोटाले बजारमा खाना पकाउने एलपी ग्यासको अभाव देखिएको भन्दै सहज आपूर्ति तथा वितरणका लागि आवश्यक पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद विष्णुदेवी पुडासैनीले पनि बाढीपीडितलाई अत्यावश्यक सामग्री समयमै पुऱ्याउने व्यवस्था मिलाउन आग्रह गर्नुभयो।

शून्य समयमा सांसदहरू विष्णुबहादुर विश्वकर्मा, रेणु चन्द र श्रीकृष्णप्रसाद अधिकारीले समसामयिक विभिन्न विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। *(रासस)*

# प्रधानमन्त्री शाह तीनवटै सुरक्षा निकायका प्रमुखसँगको छलफलमा

काठमाडौँ, २४ भदौ। प्रधानमन्त्री बालेन्द्र शाहले तीनवटै सुरक्षा निकायका प्रमुखहरूसँग उच्चस्तरीय छलफल सुरु गर्नुभएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार यही भदौ १० गते रसुवाको भोटेकोसी नदीमा आएको बाढीपछि सिर्जित परिस्थिति, समग्र खोज, उद्धार, राहत वितरण र उपचार लगायतका विषयमा विस्तृत ब्रिफिङ लिने र आवश्यक निर्देशन दिने उद्देश्यले प्रधानमन्त्री शाहले छलफल सुरु गर्नुभएको हो।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्माननीय प्रधानमन्त्री शाहले नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलसँग छलफल गरिरहनुभएको छ। प्रधानसेनापति सिग्देलसँगको छलफललगत्तै प्रधानमन्त्री शाहले नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्की र सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षक नारायणदत्त पौडेलसँग पनि बुधबारै छलफल गर्ने कार्यक्रम छ। *(रासस)*

# भक्तपुर नगरपालिका भलिबल सङ्घ गठन

भक्तपुर, २३ भदौ। भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिको आयोजनामा नगरभित्रका विभिन्न १३ वटा क्लब, टिम तथा खेलकुद समितिहरूको भेला भयो।

भेलामा नेपाल भलिबल सङ्घका उपाध्यक्ष गौतमप्रसाद लासिवाले देशमा सङ्घीय संरचनापछि खेलकुद क्षेत्रमा पनि पालिकास्तरीयदेखि केन्द्रसम्म खेलकुद सङ्घहरू गठन गर्नुपर्ने प्रावधान रहेको बताउनुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले खेलकुद क्षेत्रमा भक्तपुर नगरपालिकाले गर्दै आएको गतिविधि तथा पूर्वाधार विकासबारे जानकारी गराउनुभयो।

सो भेलाले पूर्वभलिबल खेलाडी हरिनारायण बासीको अध्यक्षतामा ११ सदस्यीय भक्तपुर नगरपालिका भलिबल सङ्घ गठन गरियो। सर्वसम्मत चयन भएका पदाधिकारीहरूलाई जिल्ला भलिबल सङ्घका अध्यक्ष विनोदचरण रायले बधाई तथा शुभकामना व्यक्त गर्नुभयो।

# माटोमा अम्लीयपन बढ्दै, उत्पादन घट्ने जोखिम

बागलुङ, २४ भदौ। बागलुङका उत्पादनयोग्य माटोमा अम्लीयपन बढ्दै गएको पाइएको छ।

कृषि विकास कार्यालय, बागलुङले परीक्षण गरेका ३२० माटोका नमूनामध्ये अधिकांशमा अम्लीयपना देखिएको हो।

माटोमा नाइट्रोजन तथा फस्फोरसको मात्रा न्यून वा मध्यम रहेको छ। परीक्षण गरिएका नमूनामध्ये २०५ वटामा नाइट्रोजनको मात्रा न्यून, १११ वटामा मध्यम र चार वटामा उच्च रहेको छ।

त्यस्तै, फस्फोरस ११ वटामा न्यून, ३०३ वटामा मध्यम र छ वटामा उच्च रहेको कृषि विकास कार्यालयका प्रमुख कुमार पुनले जानकारी दिनुभयो। पोटासियमतर्फ ८० नमूनामा मात्रा न्यून, २१७ वटामा मध्यम र २३ वटामा उच्च रहेको उहाँले बताउनुभयो।

माटोको अम्लीयपन (पीएच) परीक्षण गर्दा ६२ प्रतिशत माटो अम्लीय, ३७ प्रतिशत तटस्थ र एक प्रतिशत क्षारीय रहेको पाइएको छ।

माटोको अम्लीयपन बढ्दै गएकाले कृषि उत्पादन वृद्धि गर्न माटोको अवस्था पहिचान गरी आवश्यकताअनुसार चुन तथा पोषक तत्वको प्रयोग गर्नुपर्ने देखिएको छ।

कृषि विकास कार्यालयले जैमिनी नगरपालिका-२, काठेखोला गाउँपालिका-९ र बागलुङ नगरपालिका-८ मा माटो परीक्षण शिविर सञ्चालन गरेको थियो। कृषि विकास कार्यालयका प्रमुख कुमार पुनका अनुसार असन्तुलित मल प्रयोगका कारण माटो बिग्रिँदै गएको छ।

पछिल्लो समय प्राङ्गारिक मलको प्रयोग घटेकाले माटोमा अम्लीयपन बढेको उहाँको भनाइ छ। माटोमा बढेको अम्लीयपन र क्षारीयपनलाई तटस्थ बनाउन प्राङ्गारिक तथा हरियो मलको प्रयोग र कोसेबाली लगाउन आवश्यक रहेको उहाँले बताउनुभयो।

युरिया मलको बढ्दो प्रयोगले माटोको अवस्था बिगार्न सक्ने भएकाले नाइट्रोजन, फस्फोरस र पोटासियमयुक्त मल सन्तुलित रूपमा प्रयोग गर्नुपर्ने प्राविधिकको भनाइ छ।

माटोमा अम्लीयपन बढ्दा उर्वराशक्तिमा ह्रास आउने परीक्षणबाट देखिएको छ। माटो परीक्षणमा पीएच एकदेखि १४ सम्म हुने र सातलाई तटस्थ मानिने कृषि प्राविधिकले बताएका छन्। पीएच सातभन्दा कम भए अम्लीय र त्यसभन्दा बढी भए क्षारीय मानिन्छ।

धानखेतीका लागि करिब छ पीएचसम्मको माटो उपयुक्त मानिन्छ। किसानले बालीमा जथाभावी रासायनिक मल तथा विषादी प्रयोग गर्दा माटोमा अम्लीयपन बढेको कृषि प्राविधिकको भनाइ छ। *(रासस)*

# स्वर्णबिन्दु प्राशनमा २०७ बालबालिका सहभागी

खोटाङ, २४ भदौ। जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र खोटाङले बालबालिकाका लागि स्वर्णबिन्दु प्राशन कार्यक्रम सुरु गरेको छ।

आयुर्वेदिक उपचार पद्धतिमार्फत बालबालिकाको स्वास्थ्य प्रवर्द्धन तथा शारीरिक र मानसिक विकासमा सहयोग पुऱ्याउने उद्देश्यले जिल्लामा पहिलोपटक उक्त कार्यक्रम सुरु गरिएको हो।

नेपाल सरकारले निर्धारण गरेको स्वर्णबिन्दु प्राशन कार्यक्रम लागू गरिएकै दिन मङ्गलबार जिल्लाका २०७ जना बालबालिकाले सेवा लिएको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले जानकारी दिएको छ।

प्रशोधित स्वर्ण भस्म, गाईको घिउ/ब्राह्मी घृत र महलगायतका सामग्रीबाट तयार गरिएको औषधीय मिश्रण थोपालाई स्वर्णबिन्दु भन्ने गरिएको छ। निर्धारित कार्यक्रमअनुसार जन्मिए एक वर्ष पूरा भएका र पाँच वर्ष ननाघेका बालबालिकालाई स्वर्णबिन्दु प्राशन गराउने गरिएको छ।

त्यस कार्यक्रमलाई सरकारले राष्ट्रिय कार्यक्रमका रूपमा सञ्चालन गर्न 'बालबालिकाका लागि स्वर्णबिन्दु प्राशन कार्यक्रम सञ्चालन निर्देशिका-२०८२' जारी गरेको छ। कार्यक्रम बालबालिकाको स्वास्थ्य प्रवर्द्धन र रोगप्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्नु रहेको निर्देशिकामा उल्लेख छ। आयुर्वेदिक उपचार पद्धतिमार्फत बालबालिकाको स्वास्थ्य र रोग प्रतिरोधात्मक क्षमतासँग जोडेर उक्त प्राशन गराउने गरिएको छ।

सरकारले निर्धारण गरेको कार्यक्रमअन्तरगत निश्चित उमेर समूहका बालबालिकालाई आयुर्वेद स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा स्वर्णबिन्दु प्राशन गराउने गरिएको छ। जन्मिएको छ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाउने व्यवस्था भए पनि जिल्लामा एक वर्ष पूरा भई पाँच वर्ष ननाघेका बालबालिकालाई मासिक रूपमा व्यवस्था मिलाइएको जिल्ला आयुर्वेद अस्पताल खोटाङका प्रमुख डा सर्वेन्द्र यादवले जानकारी दिनुभएको छ।

उक्त कार्यक्रममा सहभागी तथा छुटेका बालबालिकालाई आगामी असोज १९, कातिक १६, मङ्सिर १३, पुस ११, माघ ९, फागुन ८ र चैत ४ गते पुनः कार्यक्रम राखिएको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले जनाएको छ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले बालबालिकाको स्वास्थ्यप्रति अभिभावकमा सचेतना बढाउने तथा जिल्लामा आयुर्वेदिक स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरेको हो। उक्त कार्यक्रमको प्रभावकारिता, प्रयोग हुने औषधिको संरचना, मात्रा र सेवनको अवधिका विषयमा भने आयुर्वेद स्वास्थ्यकर्मीको सल्लाहअनुसारमात्रै प्रयोग गर्नुपर्ने स्वास्थ्यकर्मीले बताउनुभयो।

सङ्क्षिप्त समाचार

## होल्डिङ सेन्टरमा बसेकाको अस्थायी बसोबासका लागि सर्वेक्षण सुरु

काठमाडौँ, २४ भदौ । रसुवाको भोटेकोसी नदीमा गएको बाढीबाट प्रभावित भई अहिले विभिन्न जिल्लाका होल्डिङ सेन्टरमा बसिरहनुभएकाहरूलाई उहाँहरूको इच्छाबमोजिम अस्थायी बसोबासका व्यवस्थाका लागि सरकारले सर्वेक्षण सुरु गरेको छ ।

सघन सहरी तथा भवन निर्माण आयोजना धादिङका प्रमुख इन्जिनियर ससिन्द्र घिमिरेका अनुसार आपतकालीन अवस्थामा बाढी प्रभावितका लागि होल्डिङ सेन्टर सञ्चालन गरिएको थियो । उहाँले भन्नुभयो, “अब केही हप्ताभित्रै प्रत्येक परिवारलाई छुट्टाछुट्टै अस्थायी बसोबास व्यवस्था गर्न सर्वेक्षण सुरु भइसकेको छ । पूर्वाधार विकास मन्त्रालयअन्तर्गत सहरी विकास तथा भवन निर्माण विभागले गत मङ्गलबारदेखि प्रभावित जिल्लाहरूमा टोली खटाएर ‘कोबो टुलबक्स’ प्रयोग गरी आवश्यकता मुल्याङ्कन फारम’ मार्फत सर्वेक्षण गरिरहेको छ ।”

यसबाट प्रभावित व्यक्ति तथा परिवारहरूको विवरणका साथै घरको क्षतिको अवस्था (पूर्ण वा आंशिक), परिवारका दिवङ्गत वा बेपत्ता सदस्यको सङ्ख्या, सरकारी सहयोगमा अस्थायी आश्रय वा भाडामा बस्ने उहाँहरूको रुचि, जग्गाको उपलब्धता, स्थानान्तरणको उत्तम विकल्प, खानेपानी, सरसफाइको प्रबन्ध र अन्य थप आवश्यकताहरूबारे जानकारी तत्काल प्राप्त हुने उहाँको भनाइ छ ।

हाललाई यस सर्वेक्षणले होल्डिङ सेन्टरमा रहेका प्रत्येक घरपरिवारको आवश्यकता पहिचान गर्दै सरकारलाई आफ्नो योजना कार्यान्वयन गर्न सहयोग गर्नेछ । “एकहप्ताभित्र सर्वेक्षण सम्पन्न गर्ने गरी काम भइरहेको छ । त्यस लगत्तै होल्डिङ सेन्टरभन्दा बाहिर रहनुभएका प्रभावित परिवारहरूको पनि यही फारम प्रयोग गरी सर्वेक्षण गरिनेछ”, उहाँले भन्नुभयो । *(रासस)*

## ग्यास आपूर्ति सहज बनाउन उद्योगमन्त्री यादवको निर्देशन

काठमाडौँ, २४ भदौ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले उपभोक्तालाई सहज रूपमा ग्यास उपलब्ध गराउन आवश्यक व्यवस्थापन मिलाउन नेपाल आयल निगमका पदाधिकारी र ग्यास उद्योगीलाई निर्देशन दिनुभएको छ । मन्त्री यादवले काठमाडौँ उपत्यकामा एउटा कम्पनीको ग्यास उपलब्ध नभएमा अर्को कम्पनीको ग्यास सिलिन्डरसँग उही मूल्यमा साट्न सकिने व्यवस्था गर्नसमेत निर्देशन दिनुभयो । त्यस व्यवस्थाबाट उपभोक्ताले आफूले प्रयोग गर्दै आएको कम्पनीको सिलिन्डर तत्काल उपलब्ध नभएको अवस्थामा अन्य कम्पनीको सिलिन्डरमार्फत समेत ग्यास प्राप्त गर्न सक्नेछन् । मन्त्रीको सचिवालयका अनुसार बाढीका कारण उत्पन्न आपूर्ति असहजतालाई तत्काल सम्बोधन गर्दै उपभोक्तालाई राहत दिने उद्देश्यले यस्तो व्यवस्था गर्न लागिएको हो । मन्त्री यादवले उपभोक्तालाई अनावश्यक दुःख दिने, कृत्रिम अभाव सृजना गर्ने वा तोकिएको व्यवस्थाविपरीत कार्य गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने स्पष्ट पार्नुभएको छ । *(रासस)*

## ‘बर्थिङ सेन्टर’ नाम छ, सेवा छैन

सप्तरी, २४ भदौ । सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-५ वरसाइनस्थित स्वास्थ्यचौकीमा प्रसूति गृह (बर्थिङ सेन्टर) बन्द हुँदा सेवाग्राही समस्यामा परेका छन् । चौबीसै घण्टा ‘प्रसूति सेवा’ उपलब्ध गराउने उद्देश्यले भवन निर्माण गरी विसं २०७९ चैत १५ मा‘बर्थिङ सेन्टर’ शुभारम्भ गरिएको थियो । पछिल्ला दिनमा दक्ष जनशक्ति, आवश्यक उपकरण र आर्थिक अभावका कारण ‘बर्थिङ सेन्टर’ अलपत्रमा परेको स्थानीयवासी सुनिता यादवले बताउनुभयो ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको स्वीकृत बजेटबाट स्वास्थ्यचौकीमा ‘बर्थिङ सेन्टर’ तयार गरिएको थियो । गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख शैलेश झाले लौनियामा र तोपामा बर्थिङ सेन्टर सञ्चालन रहेको जानकारी दिँदै वरसाइनमा पनि सञ्चालन गरिने नीति रहेको जानकारी दिनुभयो ।

वरसाइनस्थित स्वास्थ्यचौकीका प्रमुख मनोज देवले वरसाइन स्वास्थ्यचौकीको ‘बर्थिङ सेन्टर’मा चार वर्षका अवधिमा एक जनाले मात्र सेवा लिएको जानकारी दिनुभयो । स्थानीयवासी सीता मण्डलले गाउँमै रहेको ‘बर्थिङ सेन्टर’ सञ्चालन नहुँदा स्वास्थ्य सेवा र प्रसूति सेवाका लागि बाहिर जानुपर्ने बाध्यता रहेको गुनासो गर्नुभयो । गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलले विसं २०७९ चैत १५ गते ‘बर्थिङ सेन्टर’को शुभारम्भ गर्नुभएको थियो । तिलाठी कोइलाडी - ५ का वडाध्यक्ष ललनप्रसाद राउतले कर्मचारीको अभावले ‘बर्थिङ सेन्टर’ बन्द भएको जानकारी दिनुभयो । अहिले यस ‘बर्थिङ सेन्टर’ मा चार जना कर्मचारी र एक कार्यालय सहयोगी सेवारत छन् । तत्कालीन समयमा वडा कार्यालयको बजेटबाट ‘बर्थिङ सेन्टर’ सञ्चालन गर्ने प्रतिबद्धता गरिएको थियो । पालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोजकुमार कर्णले दक्ष जनशक्ति अभावमा बर्थिङ सेन्टर सञ्चालनमा समस्या भएको जानकारी दिनुभयो । *(रासस)*

## प्रधानमन्त्री राहत कोषमा रु. १२ अर्ब

काठमाडौँ, २४ भदौ । प्रधानमन्त्री राहत कोषमा करिब रु. १२ अर्ब जम्मा भएको छ । गत भदौ १० गते रसुवाको भोटेकोसी नदीमा आएको बाढीपछि राहत र उद्धारका लागि आह्वान गरिएको प्रधानमन्त्री राहत कोषमा कुल ११ अर्ब ९८ करोड ९७ लाख ९६ हजार ८४ रूपैयाँ मौज्दात रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ । कोषमा जम्मा भएको उक्त रकममध्ये ९ वटा वाणिज्य बैङ्कका खाताहरूमा ८ अर्ब ७८ करोड ८२ लाख ५८ हजार ३०४ रूपैयाँ मौज्दात छ । यस्तै, दुई वटा वाणिज्य बैङ्कमा २ करोड ११ लाख ४३ हजार ४२७ अमेरिकी डलर मौज्दात रहेको छ । यसअघि बाढी प्रभावित क्षेत्रमा राहत तथा उद्धारका लागि यस कोषबाट १ अर्ब रूपैयाँ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा निकासा भइसकेको छ ।

बाढीपछि सरकारले राहत र पुनर्स्थापनाका लागि सहयोग गर्न सार्वजनिक आह्वान गरेसँगै स्वदेश तथा विदेशबाट रकम सङ्कलन भई कोषमा दाखिला भएको हो । *(रासस)*



**२१ वर्षमा १७ किमि सडक निर्माण**

मुगुको सदरमुकाम गमगढीदेखि चीनको सिमाना नाक्चेलाग्ना सडक निर्माण सुरु भएको २१ वर्षमा १७ किलोमिटर मात्र ट्र्याक खोलिएको गमगढी–नाक्चेलाग्ना सडकको माग्री टाडखण्ड । कठिन र कडा चट्टाने भिरलाई सेनाले ब्लास्टिङ्ग गरेर निर्माण अघि बढाएको ८७ किमि सडक सबैभन्दा कठिन ठाउँ यही माग्री टाडभिर हो । तस्बिर: नृपेन्द्रबहादुर मल्ल/रासस

## मानसिक स्वास्थ्य समस्याबारे सचेतना जगाउँदै प्रदेश सरकार

कर्णाली, २४ भदौ । कर्णाली प्रदेश सरकारले मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखी सचेतना कार्यक्रम अगाडि बढाएको छ । पछिल्लो समयमा समाजमा मानसिक स्वास्थ्य समस्या बढ्दै गएको पाइएपछि प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले पहिचान, उपचार र नियन्त्रणमा बढी जोड दिँदै आएको छ । मन्त्रालयका अनुसार त्यस समस्या ग्रामीण भेगभन्दा सहरी क्षेत्रमा बढी देखिएको छ । मानसिक स्वास्थ्य समस्याको न्यूनीकरण तथा रोकथामका लागि मुलुकका सात प्रदेशमध्ये सबैभन्दा पहिला कर्णाली प्रदेशले मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति तथा कार्ययोजना २०७९-२०८७ निर्माण गरेको हो ।

चालु आव २०८३/८४ को भदौमा नै मन्त्रालयले मानसिक स्वास्थ्य सुदृढीकरण गर्न शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका सदस्य, अभिभावक तथा जनप्रतिनिधिलाई जनचेतना गराउन थालेको छ ।

राष्ट्रिय जनगणना विसं २०७८ को अन्तिम नतिजाअनुसार कर्णाली प्रदेशको कुल जनसङ्ख्या १६ लाख ८८ हजार ४१२ रहेको छ । यद्यपि कुल जनसङ्ख्याको ११ प्रतिशत अर्थात् एक लाख ८५ हजार ७२५ नागरिकमा मानसिक स्वास्थ्य समस्या देखिएकाले बेलैमा रोकथाम, नियन्त्रण तथा न्यूनीकरण गर्ने उद्देश्यले सचेतना तथा अभिमुखीकरणका कार्यक्रम सञ्चालन गरिएको मन्त्रालयका मानसिक स्वास्थ्य सम्पर्क व्यक्ति खगेन्द्रप्रकाश गैरेले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “कर्णालीका करिब ३० हजार मानिसले अहिले पनि मानसिक रोगको औषधि लिइरहेका छन् । यो समस्या अझै एक लाख ५५ हजारमा देखिन्छ । समयमै पहिचान गरी समस्या वृद्धि हुन नदिन कर्णालीका दशवटै जिल्लामा मानसिक स्वास्थ्यका बारेमा शिक्षकलगायतका सरोकारवालाहरूका लागि सचेतना तथा अभिमुखीकरण कार्यक्रम विस्तार गरेको छ ।”

प्रदेश सरकारले यहाँका करिब छ सय स्वास्थ्यकर्मीलाई कन्भर्जन डिसअर्डरसम्बन्धी तालिम दिइसकेको छ । प्रदेश सरकारले अहिले सुर्खेत पश्चिमका अति दुर्गम मानिने चौकुने गाउँपालिका र पञ्चपुरी नगरपालिकाका जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका सदस्य, शिक्षक, विद्यार्थीलगायतलाई मानसिक स्वास्थ्य, यसको बढ्दो प्रभाव, चुनौती, समस्या र रोकथामका बारेमा सचेतना तथा अभिमुखीकरण गराएको छ ।

दुवै पालिकामा प्रदेश सरकारले दुई दिन सञ्चालन गरेको उक्त कार्यक्रममा सहभागी सरोकारवालाले गरिबी, अशिक्षा, बेरोजगार, रुढीवादी संस्कार, परम्परागत मान्यता, वैदेशिक रोजगार, बढ्दो सहरीकरण, आधुनिक जीवनशैली र सामाजिक सञ्जालको चरम दुरूपयोगका कारण समाजमा मानसिक रोग बढिरहेको निष्कर्ष सुनाएका थिए ।

सामाजिक सञ्जालबाट ठगिने, लुटिने, हिंसा व्यहोर्ने कारणबाट पनि मानसिक रोग बढ्ने अवस्था सृजना भइरहेको नवज्योति मावि चौकुनेका प्रधानाध्यापक भानुभक्त घिमिरेले बताउनुभयो ।

उक्त विद्यालयमा कक्षा १२ अध्ययनरत छात्रा सृष्टि देवकोटाले परिवार र विद्यालय दुवैले विशेषगरी बालिकाका समस्यालाई गहिरो तरिकाले बुझ्ने चेष्टा नराख्दा पछिल्लो समयमा बालिकाहरूमा चिन्ता, तनाव र निराशा बढिरहेको प्रतिक्रिया दिनुभयो ।

सामाजिक विकास मन्त्रालयका सचिव रोशनीकुमारी श्रेष्ठले नेपालमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगलाई प्रभावकारी बनाउन राष्ट्रियस्तरमा विभिन्न रणनीति तथा नीति अवलम्बन गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “समयको चापका कारण बुधबार हरेक व्यक्ति मानसिक रोगी भएको छ । स्वस्थ्य मन भएमात्र सफल काम र स्वस्थ समाज निर्माण हुनसक्छ । तसर्थ, समाजमा खुलेर कुरा गरौँ, दृष्टिकोण बदलौँ, पूर्वाग्रह त्यागौँ, आशा जगाऔँ, जीवन बचाऔँ, आत्महत्या प्रयास गरेका व्यक्तिप्रति समानुभूतिपूर्वक व्यवहार गरौँ, बाँच्न उत्प्रेरित गरौँ र मानसिक स्वास्थ्य समस्या रोक्न खुलेर संवाद गरौँ । यसमा सरकार गम्भीर भएर लागेको छ ।”

मानसिक स्वास्थ्यमा आएको समस्याका कारण मानिस मानसिक रूपमा विचलन भएको वा आत्महत्याको बाटो रोजेको पाइएको छ । मन्त्रालयका अधिकृत महेश शर्माले कर्णाली प्रदेशमा आव २०८२/८३ मा आत्महत्या गर्नेको सङ्ख्या ३०५ रहेको बताउनुभयो ।

त्यसमध्ये १४९ पुरुष, ८१ महिला, ३३ बालक र ४२ बालिका रहेका छन् । यसमा सबैभन्दा बढी झुन्डिएर १३५ पुरुष, ६८ महिला, ३० बालक र ४२ बालिकाले आत्महत्या गरेको तथ्याङ्क उहाँले प्रस्तुत गर्नुभयो । आत्महत्याका घटना खासगरी आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक कारणले हुने गरेको पाइएको छ ।

कर्णाली प्रदेश अस्पताल सुर्खेतका मानसिक रोग विशेषज्ञ डा सुशील समदर्शीले समाजमा हुने सबै खाले विभेद, दुर्व्यवहार, गलत प्रचलन तथा संस्कारको अभ्यासका कारण मान्छेमा बैराग्यता, निराशा, डर, तनाव, चिन्ता पैदा हुँदा व्यक्तिको मानसिक स्वास्थ्यमा समस्या देखिने गरेको बताउनुभयो ।

पछिल्ला वर्षमा मानसिक रोगका कारण आत्महत्याका घटना बढ्दै गएकाले त्यसको रोकथाममा सरकारले बेलैमा ध्यान दिनुपर्ने उहाँको भनाइ थियो ।

चौकुने गाउँपालिकाका अध्यक्ष खड्गबहादुर विकले मानसिक स्वास्थ्य समस्या स्वस्थ, शान्त र समृद्ध समाज निर्माणको डरलाग्दो चुनौती भएकाले समाजमा भित्रभित्रै सल्किँदै गएको बताउनुभयो । अध्यक्ष विकले मानसिक स्वास्थ्य समस्याको रोकथाम तथा न्यूनीकरणमा तीनै तहको साझा पहल र प्रयास हुनुपर्नेमा जोड दिनुभयो ।

स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतका मनोविद् अधिकृत लक्ष्मीमाया तामाङले बदलिँदो जीवन परिवेश, शैली र त्यसप्रति मान्छेको बेवास्ताग्रहीपनले मानसिक रोगको समस्या बढ्न थालेको तर्क गर्नुभयो ।

शिक्षा विकास निर्देशनालय सुर्खेतका निर्देशक दीपा हमालले विशेषगरी बालिका महिनावारी हुँदाको समस्या परिवार र विद्यालय दुवैले राम्रोसँग नबुझ्दा, दुर्व्यवहार एवं विभिन्न खाले हिंसा तथा तनाव भोग्नुपर्ने बाध्यताले पनि त्यसलाई प्रभाव पारिरहेको बताउनुभयो ।

पञ्चपुरी नगरपालिकाका प्रमुख लालवीर भण्डारीले मानसिक स्वास्थ्यका विषयमा समयमै सचेतना दिलाउन पालिकाले स्वास्थ्य र शिक्षालाई प्राथमिकता राखेको बताउनुभयो । *(रासस)*

## चितवनमा फेला परेका ३६३ शवमध्ये १४ को पहिचान, ७५ जना आफन्तको ‘डिएनए’ सङ्कलन

नारायणगढ (चितवन), २४ भदौ । चितवनमा फेला परेका शवको व्यवस्थापनसँगै हराइरहेका व्यक्तिका आफन्तको ‘डिएनए’ नमूना सङ्कलन भइरहेको छ ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक (एसपी) रामेश्वर पौडेलका अनुसार हालसम्म जिल्लामा कुल ३६३ वटा शव फेला परेका छन् । तीमध्ये अधिकांश शव पहिचान गर्न नसकिने अवस्थामा रहेकाले डिएनए परीक्षण र कानुनी प्रक्रियामार्फत व्यवस्थापन गरिएको छ ।

हालसम्म फेला परेका शवमध्ये १४ वटा शवको मात्र सनाखत (पहिचान) हुन सकेको छ । पहिचान खुलेका शव आवश्यक कानुनी प्रक्रिया पूरा गरी आफन्तको जिम्मा लगाइएको एसपी पौडेलले जानकारी दिनुभयो ।

पहिचान खुल्न नसकेका ३४९ वटा शवको सुरक्षित व्यवस्थापन गरिसकिएको उहाँले बताउनुभयो । शव व्यवस्थापन कार्य गत १३ भदौदेखि सुरु गरिएको थियो । व्यवस्थापन गरिएका सबै शवको भविष्यमा आफन्तको डिएनएसँग मिलान गर्न मिल्नेगरी डिएनए नमूना सुरक्षित राखिएको छ । हराइरहेका व्यक्तिको पहिचान खुलाउन प्रहरीले आफन्तको डिएनए नमूना सङ्कलनलाई प्राथमिकता दिएको छ । हालसम्म जिल्लामा ७५ जना आफन्तको डिएनए नमूना सङ्कलन गरी विधिविज्ञान प्रयोगशालामा पठाइएको छ । सङ्कलन गरिएका नमूनामध्ये भारतीय नागरिकका आफन्तको डिएनए नमूना पनि रहेको प्रहरीले जनाएको छ । *(रासस)*

।सम्पादकीय।

# देशको नेतृत्व उमेरले होइन, विचारले गर्ने

गतवर्ष भदौ २३ गते भएको जेनजी प्रदर्शनमा निहत्था जनताको मृत्यु भयो। भोलिपल्ट भदौ २४ गते देशभरि झैँ आगजनी गरियो। नेकाको समर्थन प्राप्त एमालेका प्रधानमन्त्री ओलीले भदौ २४ गते बिहान ८ बजेतिर राजीनामा नदिने अडान राखेका थिए। कारागार तोडफोड र १४-१५ हजार कैदीबन्दी फरार भएलगत्तै देशभरि झैँ आगजनी गरिएपछि अपराह्न १:३० बजेतिर प्रधानमन्त्री ओली पदबाट राजीनामा दिएर हेलिकप्टरमा १२ दिन गुमनाम भए। भदौ २७ गते राष्ट्रपति पौडेलले संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको नेतृत्वमा राखेर प्रतिनिधिसभा विघटन र फागुन २१ गतेको लागि नयाँ निर्वाचन घोषणा गरे।

एकवर्ष अघि भएको जेनजी आन्दोलन डिजिटल पुस्ताको भनियो। रास्वपा सभापति रवि लामिछानेले एक वर्षपछि भने, "यो कुनै दल विशेषको आह्वानमा भएको आन्दोलन थिएन, यो पूर्णत स्वस्फूर्त जागरण थियो। हिजो सडकमा नवयुवाले सोधेका हरेक प्रश्नको जवाफ दिने ठाउँमा समयले आज हामीलाई उभ्याएको छ।" जेनजी प्रदर्शनपछि गठन भएको सुशीला कार्कीको अन्तरिम सरकारले असोज ५ गते विशेष अदालतका पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा एक जाँचबुझ आयोग बनाएको थियो। यो आयोगको प्रतिवेदनमा उल्लेख छ- सन् २०२५ मा अमेरिकी युवाहरूले Gamer हरूबिच सहकार्य गर्न निर्माण गरेको प्लेटफर्ममा अहिले विश्वका ६० करोडभन्दा बढी प्रयोगकर्ता आवद्ध भएको छ। जेनजी आन्दोलनमा युवाहरूले टिकटक, रेडिटजस्ता प्लेटफर्म चलाएर आन्दोलनलाई तताउन डिस्कर्डलाई प्रमुख माध्यम बनाए। आगो सल्काउन र फैलाउन मोलोटोभ (पेट्रोल बम) बनाए, जुन प्राणघातक हुन्छ।

नेपालको एक सञ्चारमाध्यम माउन्टेन टीभीमा वरिष्ठ पत्रकार एवम् विश्लेषक अनिल गिरीले प्रश्न उठाए, "एकलाख नेपाली सेनामध्ये असी हजार परिचालन गरी गएको फागुन २१ गते रास्वपालाई सरकारको नेतृत्वमा पुऱ्याएको नेपाली सेनाले गत वर्ष भदौ २४ गते सिंहदरबार जलाइएको बेला आगो ननिभाएको किन ?" यो प्रश्नले गत वर्ष भदौ २३ र २४ गते गरिएको जेनजी सडक प्रदर्शन स्वःस्फुर्त नभई प्रायोजित नै भएको पुष्टि गर्दैन र ?

नवयुवाहरूले रास्वपाका युवाहरूलाई सांसद, प्रधानमन्त्री र मन्त्री बनाएको दाबी गर्दैछन्। तर, सरकारका निर्णायक तहका अधिकारीहरू पचास वर्षमाथिका नै छन्। देशको नेतृत्व उमेरले गर्ने होइन, विचारले गर्ने हो। जेनजीको आधार लिने हो भने अन्तरिम सरकारको प्रधानमन्त्रीमा ७५ वर्षका सुशीला कार्की कसरी उपयुक्त भयो ? अहिले रास्वपाबाट निर्वाचित अधिकांश सांसद र मन्त्रीहरू जेनजी पुस्ता अर्थात् २८ वर्षमाथिका हुनु कसरी उपयुक्त हुन्छ ?

कार्की आयोगको प्रतिवेदन निर्वाचनपछि फागुन २४ गते अन्तरिम सरकारका प्रमुख सुशीलालाई बुझाइयो। निर्वाचन परिणामपछि चैत १३ गते रास्वपाको सरकार गठन भयो तर कार्की आयोगको प्रतिवेदन सुशीला र बालेन दुवै सरकारले सार्वजनिक गरेनन्। यद्यपी, सञ्चारमाध्यममा यो प्रतिवेदन सार्वजनिक भयो। राष्ट्रिय मानवअधिकार आयोगले तयार गरेको प्रतिवेदन पनि प्रधानमन्त्री कार्यालयको दराजमा थन्काइएको छ। यसको सार मात्र सार्वजनिक भयो।

कार्की आयोगका सदस्य विज्ञानराज शर्माले भदौ २३ र २४ गतेको घटनाबारे विस्तृत अध्ययन गरी तयार गरेको प्रतिवेदन कार्यान्वयनको जानकारी नभएको बताए भने राष्ट्रिय मानव अधिकार आयोगका सदस्य लीली थापाले पनि आयोगको प्रतिवेदन कार्यान्वयन नहुनु दुःखद भएको बताइन्। सुरक्षाकर्मीले तयार गरेको प्रतिवेदन पनि बुझाउन नपाएको अवस्था छ। यसअघि नेका, एमाले, तत्कालीन माओवादीका सरकारहरूले पनि प्रतिवेदनहरू सार्वजनिक गरेनन्। यसरी देशको नेतृत्व उमेरले होइन, विचारले गर्ने पुनः पुष्टि भयो।

# त्यो भदौ २४ र यो भदौ २४

● विवेक

भदौ २४ गते फरक फरक घटनाको कारण विशेष दिन हो। आजभन्दा ४७ वर्षअघि २०३६ सालको भदौ २४ विशेष महत्त्वको दिन थियो। हरेक वर्ष त्यस दिनलाई बामपन्थी एकता दिवसको रूपमा नेपालको कम्युनिस्ट आन्दोलनमा सम्झने गरिन्छ। त्यतिबेला निर्दलीय पञ्चायती व्यवस्थामा पार्टीहरू प्रतिबन्धित थिए। मौलिक र राजनीतिक अधिकार थिएन। सरकारको विरोधमा कसैले केही बोल्यो भने जेल जानुपर्ने अवस्था थियो। पञ्चायती व्यवस्थाको चरम दमनबिच पनि पार्टीहरू भूमिगत रूपमा आफ्ना गतिविधिहरू गर्दै थिए।

२०३५ साल चैत महिनामा पाकिस्तानका पूर्व प्रधानमन्त्री जुल्फिकर अली भुटोलाई फाँसी दिएको विरोधमा नेपालमा विद्यार्थीहरूको विरोध भयो। विरोध सशक्त रूपमा अगाडि बढ्दै गएपछि सरकारले विद्यार्थी आन्दोलन सामु घुँडा टेक्यो। २०३६ साल जेठ १० गते तत्कालीन राजा वीरेन्द्रले जनमत सङ्ग्रह घोषणा गरे।

२०१७ सालपछि वामपन्थी पार्टीहरू कोही भूमिगत, कोही प्रवासमा बसेर पनि जनतालाई अधिकार सम्पन्न बनाउन क्रियाशील थिए। एक आपसमा आलोचना र विरोधका बिच सहकार्य र एकता अघि बढ्न सकेको थिएन। विद्यार्थी आन्दोलनका कारण देशमा नयाँ परिस्थिति तयार भएपछि का. रोहितको अध्यक्षतामा २०३६ भदौ ४ गते वनारसमा वामपन्थीहरूको बैठक बस्यो। त्यस बैठकले राजबन्दीहरूको विना शर्त रिहा, राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताको मुद्दा फिर्ता, पञ्चायत सरकार विघटन र अन्तरिम सरकार गठन, मौलिक हकमा बन्देज लगाइएका सबै कानुन खारेजी र १८ वर्ष उमेर पुगेकाहरूलाई मताधिकारजस्ता ५ वटा मागहरू राखी भदौ २४ गते देशव्यापी आन्दोलन गर्ने निर्णय गऱ्यो।

वाम पार्टीहरूबिच जनमत सङ्ग्रहमा भाग लिने वा बहिष्कार गर्ने भन्नेमा वैचारिक बहस सुरु भयो। नेमकिपाबाहेक अधिकांश दलहरू बहिष्कारको पक्षमा थिए। भदौ २४ को घोषित आन्दोलन देशव्यापी रूपमा धेरै हदसम्म सफल भयो। कति बामपन्थी पार्टीहरू आन्दोलन गर्न सहमति गरेर पनि आन्दोलनबाट पछि हटे तर सरकारले सोचेको भन्दा त्यो आन्दोलन धेरै सशक्त भयो। त्यस आन्दोलनको प्रभाव देखेर सरकार तर्स्यो। वामपन्थी पार्टीहरूको सङ्गठन विस्तारका गतिविधिहरू अगाडि बढ्दै गयो।

जनमत सङ्ग्रहको बेला नेमकिपाले जस्तै अन्य कुनै पनि वामपन्थी पार्टीले सैद्धान्तिक परिपक्वता देखाउन सकेन। नेमकिपाले प्रतिक्रियावादी चुनावमा भाग लिएर जनताको सेवा गर्ने, प्रतिक्रियावादीहरूलाई सजिलै जित्न नदिने र निर्वाचनलाई जनताको चेतनास्तर उठाउने ब्यारोमिटरको रूपमा भाग लिने नीति लियो। जनमत सङ्ग्रहमा बहुदलको पक्षमा २० लाख र सुधारिएको पञ्चायती व्यवस्थाको पक्षमा २४ लाख मत प्राप्त भएको दाबी गरी पञ्चायती व्यवस्था जितेको घोषणा गरियो। सबै वामपन्थीहरू एकजुट भएर बहुदलीय व्यवस्थाको पक्षमा प्रचार प्रसार तथा पञ्चायती निरङ्कुशताविरुद्ध लागेको भए बहुदलीय व्यवस्थाको लागि २०४६ साल कुर्नुपर्ने थिएन। नेपालका बामपन्थी पार्टीहरूको राजनीतिक अपरिपक्वताको कारण देशमा राजनीतिक परिवर्तन ढिलो भयो। तर जे होस् जनमत सङ्ग्रहले निर्विकल्प भनिएको पञ्चायती व्यवस्था विकल्प दिन बाध्य भयो।

२०३८ सालमा राष्ट्रिय पञ्चायतको चुनाव भयो। त्यसमा पनि अन्य वामपन्थी भनिएका दलहरू बहिष्कारकै पक्षमा थिए। नेमकिपाले प्रतिक्रियावादीहरूलाई नङ्ग्याउने, जनतालाई राजनैतिक रूपमा सचेत पार्ने र प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर जनताको सेवा गर्ने नीतिलाई अघि साऱ्यो। त्यो नीतिलाई अहिलेसम्म निरन्तरता दिइआएको छ।

नेका र वाममोर्चाको संयुक्त आन्दोलनले २०४६ सालमा पञ्चायती व्यवस्थाकै अन्त्य र बहुदलीय व्यवस्था स्थापना गऱ्यो। जनताले दलको नाउँमा निर्वाचन लड्ने अधिकार पाए। २०६२।६३ सालसम्म आइपुग्दा शान्तिपूर्ण आन्दोलनरत सात दल र १० वर्षसम्म सशस्त्र सङ्घर्ष गर्ने माओवादीबिचको संयुक्त आन्दोलनबाट २४० वर्षको इतिहास बोकेको राजतन्त्रको अन्त्य गरी देशमा गणतन्त्र स्थापना भयो। देशका यी विभिन्न घटनाक्रमहरूमा कतिले आफ्नो ज्यान दिए, कैयौँ मानिसहरू अङ्गभङ्ग भए भने कैयौँ राजनीतिक पार्टीका नेता कार्यकर्ताहरूले कठोर जेल सजाय भोगे। आजको राजनीतिक व्यवस्था धेरै नेपालीहरूको त्याग, तपस्या र बलिदानको परिणाम हो।

**भागबण्डाको राजनीतिः**

२०४६ सालपछि नेका र एमालेले पालैपालो सरकारको नेतृत्व गऱ्यो। योग्यलाई भन्दा आफ्नो पार्टीको नजिककालाई मुख्य मुख्य पदमा पुऱ्याउने, पार्टीको झण्डा नबोकेकै कारण योग्य प्रशासकहरू पाखा लगाइए। यसले जनतामा सरकारप्रति नकारात्मक भावनाको विकास भयो। राजदूत, उपकूलपति, प्राध्यापक, शिक्षक हरेक क्षेत्रमा शासक दलहरूबिच भागबण्डामा नियुक्ति परम्परा जस्तै बनाइयो। नेका र एमाले पार्टीहरू बद्नाम हुँदै गए। ती दलहरूको गतिविधिले राजनीतिमा आउनु भनेकै छिट्टै पैसा कमाउने, हुने नहुने सबै काम गर्ने, नेताहरूलाई खुशी पार्ने, डनहरूको संरक्षण गर्ने जस्तो हुन थाल्यो। प्रहरीको खोजी सूचिमा परेका डनहरू शासक पार्टीहरूका लागि राम्रो आयस्रोत जुराउने गतिलो साधन बने। मानिसको हत्या गरेरै आएको भए पनि शासक पार्टीको कार्यकर्ता भएकै कारण छुट पाउने, मुद्दा परेकै अबस्थामा पनि अदालतबाट मिलेमतोमा फिर्ता लिने जस्ता गलत र अनैतिक कामहरू पराकाष्ठामा पुग्यो। जनताको आँखा दुरविन सरह हुन्छ भनेझैँ नेपाली जनताले ती सबै दृश्यहरू आँखाले हेरिरहेका थिए। जनताले दलहरूलाई पटक पटक सुध्रिने मौका नदिएका पनि होइनन् तर सुध्रिने सम्भावना नदेखेपछि जनता आफ्नै नेताहरूलाई सवक सिकाउन दण्ड दिने दिन पर्खिरहेका थिए। पद र पैसाको लागि दल परिवर्तन गर्नेजस्ता सिद्धान्तच्यूतहरूले नै बारम्बार पार्टीमा मौका पाइरहेका कारण शासक पार्टीहरूभित्र आन्तरिक असन्तोष बढ्दै गयो। विदेशीहरूले युवाहरूलाई विभिन्न गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू (एनजिओ र आइएनजिओ) मार्फत जनताको असन्तोषमा आगोमा घ्यु थप्ने काम गरे। तर, नेका, एमाले र माओवादीका नेताहरूको चरम घमन्डका कारण उनीहरूले जनताको असन्तुष्टिलाई बुझ्ने प्रयासै गरेनन्। पद र पैसाका लागि उनीहरू अन्धो भइसकेका थिए। कुनै वैकल्पिक शक्तिको नारा दिने बित्तिकै जनताले समर्थन गर्ने अवस्थामा देश पुगिसकेको थियो। भदौ २३ र २४ गतेको घटना त्यसैको परिणाम हो।

**यो भदौ २४**

२०८२ साल भदौ २३ गते शान्तिपूर्ण आन्दोलनका नाउँमा विद्यार्थीहरूलाई माइतीघरमा भेला हुन आह्वान गरियो। विद्यार्थीहरू विद्यालयकै ड्रेसमा तोकिएको स्थानमा जम्मा भए। शान्तिपूर्ण ऱ्याली तथा सभाको घोषणा गरिएको थियो। त्यही बेला टीओबीका लठेटहरूलगायत अमेरिकी युथ काउन्सिल, बारबरा फाउण्डेसन, समता फाउण्डेसनलगायतका एनजिओ र आइएनजिओका सङ्गठित सदस्यहरू घुसपैठ गरेर संसद् भवन प्रवेश गर्ने र आगजनी गर्ने प्रयास गरे। सुरक्षाको निम्ति खटिएका प्रहरीहरूको गोलीबाट विद्यार्थीहरूको ज्यान गयो। ज्यान जानु राम्रो थिएन। त्यो घटना नियोजित थियो भन्ने कुरा सरकारका पदाधिकारीहरूले ढिलो गरीमात्र बुझे।

भदौ २४ गते बिहानैदेखि आतङ्कित घटनाहरू हुन थाले। आन्दोलनकारीका नाउँमा देशका धरोहर सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, राष्ट्रपति भवन जलाइए। आक्रोशित भीडले देशका विभिन्न ठाउँका जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, पालिका भवनलगायत सयौँ घरहरूमा आगो लगाइयो। नेताहरू शेरबहादुर देउवा, केपी ओली, गगन थापा, झलनाथ खनाल, इश्वर पोखरेललगायतका निजी घरहरू जलाइए। शेरबहादुर देउवा दम्पति आफ्नै निवासमा कुटिए। प्रधानमन्त्री केपी ओली ज्यान सुरक्षाका लागि हेलिकप्टरबाट भाग्नुपऱ्यो, प्रचण्ड र अन्य नेताहरूलाई सेनाको नियन्त्रणमा राखियो।

त्यत्रो विध्वंश हुँदा पनि सुरक्षाको जिम्मा लिइरहेका नेपाली सेना, सशस्त्र प्रहरी र अन्य प्रहरी मूकदर्शक बनिरहे। काठमाडौँ महानगरले सिंहदरबारबाट १२ किमि पनि टाढा नभएको दमकल पठाएन। सिंहरदबार र राष्ट्रपति भवन सुरक्षामा खटिएका सेनाले प्रदर्शनकारीहरूलाई तोडफोड र आगजनीमा सघाए। यसले एकै दिन देशका महत्त्वपूर्ण संरचनाहरू खरानी भए। देशको खरबौँको सम्पत्ति क्षति भयो। विदेशीको तालिम प्राप्त मान्छेहरूविना त्यति छोटो समयमा त्यति धेरैको क्षति सम्भव थिएन।

त्यही अराजकताबिच संसद् विघटन भई नयाँ सरकार गठन भयो। संविधान विपरीत गठित सरकारले चुनाव गरायो। सरकारका प्रधानमन्त्रीदेखि अधिकांश मन्त्रीहरू अमेरिकी पैसाबाट सञ्चालित बारबरा फाउन्डेशन, अमेरिकी युथ काउन्सिल, समता फाउन्डेशनलगायतका पदाधिकारी र सदस्यहरू रहेको खुलियो।

फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचनबाट देशमा विदेशी पैसाबाट सञ्चालित गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी (एनजीओ र आइएनजीओ) सञ्चालकहरूको सरकार गठन भयो। उनीहरू आफूलाई नयाँको दाबी गर्दै जनतामाथि शासन गर्दै छन्। सिद्धान्त र विचारविनाको जमातले पुराना राजनीति गर्नेहरूमाथि गाली गलौज गर्नुलाई नै मुख्य उद्देश्य बनाएको छ। देश अराजक जमातको हातमा परेसँगै देशको सार्वभौमिकता खतरामा पर्दै गएको छ। प्रधानमन्त्री र मन्त्रीहरू अराजक भाषा बोल्दै गैरजिम्मेवार भएर प्रस्तुत हुँदै छन्।

२०३६ भदौ २४ गते निरङ्कुशताको अन्त्यको उद्घोषका साथ देशव्यापी जनआन्दोलनको दिन थियो। त्यही दिनबाट लामो समयसम्म अलग अलग भएका दलहरूबिच साझा विषयमा संयुक्त आन्दोलन अगाडि बढ्यो। त्यही आन्दोलनको जगमा टेकेर जनमत सङ्ग्रह, आम चुनाव र २०४६ र २०६२।६३ को आन्दोलनहरू भए। नेपाली जनतालाई रैतिबाट सार्वभौमसत्ता सम्पन्न जनता बनाइयो र देशलाई गणतन्त्रको अवस्थासम्म पुऱ्याइयो।

२०८२ साल भदौ २४ गते देशलाई खरानी बनाएर विदेशी शक्तिबाट परिचालित रास्वपाको सरकार गठनको आधार तयार गरियो। त्यही आधारमा अहिले अमेरिका र भारतको प्रभाव बढ्दै छ। कतै नेपालको स्वतन्त्र अस्तित्व समाप्त हुने त होइन भन्ने चिन्ता गर्नुपर्ने अवस्थामा देश पुग्दै छ। नेपाली जनताले दशकौँ लामो सङ्घर्षबाट प्राप्त प्रजातान्त्रिक अधिकार पनि खोसिने सम्भावना बढ्दै छ। देशलाई खरानी बनाएको भदौ २४ गते कुन गन्तव्यमा गएर टुङ्गिन्छ त्यो हेर्न अझै केही समय धैर्य गर्नुपर्छ।



# क्याट्रिना आँधीले संरा अमेरिकाको जातिवादी र वर्गीय चरित्र उदाङ्गो गऱ्यो

क्याट्रिना आँधीबाट भएको मानवीय क्षति, भौतिक क्षति र विनाश बुश प्रशासनको अपराधको परिणाम हो। न्यु ओर्लियन्सका जनताको रक्षा गर्न अनुरोध गरिएको कोषलाई इराक युद्धमा खर्च गरेको कारण राष्ट्रपति बुश अपराधी हुन्। बुश प्रशासनलाई यो खतराबारे शुरुदेखि जानकारी थियो। प्राकृतिक प्रकोपहरू हेर्ने उच्च सरकारी संस्था सङ्घीय आपत्कालीन व्यवस्था संस्था ( Federal Emergency Management Agency) ले सन् २००१ मै सो प्रकोपको चेतावनी दिएको थियो।

न्यु-ओर्लियन्सलाई खाली गराइए तापनि दसौं हजार पीडित जनता पानी, खाना र विद्युतविना अलपत्र भएनन्, हजारौँ घरहरू नष्ट भए तथा मृतकहरूको सङ्ख्या बढ्दै गयो। यो अकल्पनीय त्रासदी हो र यसले मुख्य गरी अफ्रिकी मूलका जनता पीडित भए। लुजियाना, अलाबामा र मिसिसिपिमा बहुसङ्ख्यक अफ्रिकी मुलुकका अमेरिकीहरू बस्छन्। गरीबी तथा प्राकृतिक प्रकोपहरूबाट पीडित हुने ती जनतामाथि जातीय भेदभावको कारण तिनीहरू झन् बढी पीडित छन्। न्यु-ओर्लियन्सका ७० प्रतिशत जनता अफ्रिकी छन् र त्यहाँ जातीय भेदभाव व्याप्त छ।

केही राजनीतिज्ञहरूले यसलाई सुनामीको संज्ञा दिएका छन्। गएको डिसेम्बरमा दक्षिण-पूर्वी एसियामा आएका सुनामीले पनि धेरैको ज्यान लियो। सुनामी कहिलेकाहीँ मात्र आउँछ तर नदीको मुहानमा रहेका क्षेत्रहरूमा झण्डै हरेक वर्ष समुद्री आँधी आउँछ। सो आँधी पूर्वानुमानित थियो। अवश्यम्भावी त्रासदीजस्तो लाग्ने त्यो आँधीलाई वैज्ञानिक, सरकारी संस्था र वातावरणविद्ले लामो समय अगावै देखिसकेका थिए।

हस्टन क्रोनिकल (Houston Chronicle) ले डिसेम्बर २००१ मा 'न्यु-ओर्लियन्स डुब्दैछ' शीर्षकमा एउटा लेख छापेको थियो- "समुद्री आँधीलाई रोक्ने मुख्य क्षेत्र र रक्षात्मक मिसिसिपि नदीको मुहानमा भएका टापुहरू खिइँदै गइरहेको छ र यसबाट ऐतिहासिक सहर खतरामा परेको छ।" सङ्घीय आपत्कालीन व्यवस्थापन संस्थाले न्यु-ओर्लियन्समा हुने क्षतिलाई देशले भोगेको सबभन्दा त्रासदीपूर्ण ३ वटा प्रकोपमध्ये एकमा राखेको थियो। अन्य दुईवटा सानफ्रान्सिस्कोमा भएको भूकम्प र न्युयोर्क शहरमा भएको आतङ्कवादी आक्रमण थियो।

सङ्घीय, राज्य र स्थानीय सरकारलाई खतराको विषयमा थाहा थियो। त्यससँग सामना गर्ने तरीका पनि थाहा थियो। तर, तिनीहरूले केही गरेनन्। तिनीहरूले असह्य र असचेत जनतालाई प्रकोपको सामना गर्न त्यतिकै छाडिदिए। तिनीहरूले किन केही गरेनन् ? ३० अगस्तको सम्पादक र प्रकाशक (Editor and Publisher) अनुसार नदीमा आउने बाढीलाई रोक्न पर्खाल र पम्प स्टेसन बनाउन २५ करोड डलर बराबरको विभिन्न महत्त्वपूर्ण योजनाहरू बने पनि कार्यान्वयन भएन। इराकमा छेडिएको युद्धको लागि चाहिने खर्च, मातृभूमि सुरक्षा र कर कटौतीको कारण ती परियोजनाहरू लागू हुन नसकेको कुरा प्रस्ट हुन्छ।

सन् २००४ को समुद्री आँधी दशककै सबभन्दा नराम्रो भए तापनि सङ्घीय सरकारले न्यु-ओर्लियन्सको इतिहासमै पहिलो पटक बाढी र आँधी नियन्त्रण खर्चमा सबैभन्दा बढी कटौती गऱ्यो।

'हस्टन क्रोनिकल' को लेखमा धेरै वर्षअगाडि सरकारी संस्थाहरूको एउटा समूहले गरेको अध्ययन उल्लेख छ। सो समूहले समस्यालाई सुल्झाउन २ अरबदेखि ३ अरब डलर लाग्ने सुझाव दिएको थियो। यो खर्च इराक युद्धमा हुने एक महिनाको खर्चभन्दा कम छ। इराकमा प्रतिमहिना ४ अरब डलर खर्च भइरहेको छ। युद्धमा खर्च भएको ३ खरब डलरको एउटा सानो भागलाई सुरक्षात्मक उपाय अपनाउन प्रयोग गर्न सकिन्थ्यो।

तत्कालको लागि बुश जिम्मेवार भए तापनि डेमोक्रेटिक पार्टीले पनि युद्ध र युद्धमा लाग्ने खर्चको पक्षमा मतदान गरेको कुरालाई बिर्सन हुँदैन। तसर्थ, न्यु ओर्लियन्स, अवैध युद्ध र आधिपत्यको लागि डेमोक्रेटिकहरू पनि उतिकै जिम्मेवार छन्। पुँजीवादले त्यो घटना घटाउँदा पनि बुश आफ्नो नियमित बिदालाई कटौती गर्न अनकनायो।

बचाउ कार्य र पुनः निर्माणको लागि आवश्यक स्रोत परिचालन गर्न सक्षम एउटैमात्र संस्था सङ्घीय सरकार हो। लाखौँ जनतालाई न्यु-ओर्लियन्स र नजिकैका क्षेत्रहरूबाट हटाइएको बतायो। तर, सरकारले वास्तवमा कसैलाई हटाएन। अधिकारीहरूले सहर छोड्ने चेतावनी दिए तर सहर छाड्ने जिम्मा जनतालाई नै सुम्पे। अहिले तिनीहरू एक लाख जनता सहरभित्रै रहेको बताउँछन्।

जनतासँग बस्नलाई ठाउँ छैन, धेरैसँग खाना पनि छैन। तिनीहरूको व्यक्तिगत सामान आँधीले बगाइसकेको छ, चिकित्सा सेवा छैन। विद्यालय पहुँचभन्दा बाहिर छ, अनगिन्ती जनता घरविहीन छन्। सङ्कटलाई हटाउन चिकित्सा कर्मचारी, सामाजिक कार्यकर्ता, बचाउ कार्यकर्ता र जलस्रोत इन्जिनियरहरूको आवश्यकता छ।

खाना, पानी र चिकित्सा आपूर्ति तत्काल हुनुपर्दछ। ठुलठुला उत्पादन संस्थाहरूले आधारभूत आवश्यकताको सामग्री उपलब्ध गराउनुपर्दछ। सरकारी खाद्य संस्थानले खाद्यान्न वितरण गर्नुपर्दछ। विमान, हेलिकोप्टर, बस, एम्बुलेन्स, स-साना डुङ्गाहरूजस्ता यातायातका हरेक साधनलाई परिचालन गर्नुपर्दछ। सङ्घीय सरकारले यी र अन्य कदमहरू तत्काल चाल्नु पर्दथ्यो।

अर्को शब्दमा, आँधीपीडितहरूको लागि समाजका सबै भौतिक र मानवीय स्रोत उपलब्ध गराउनुपर्दथ्यो। ती स्रोतहरूमाथि कम्पनीहरूको नियन्त्रण छ तर ती स्रोतलाई उत्पादन गर्ने मजदुरहरूको पनि त्यसमाथि अधिकार छ। ठुलठुला कम्पनीका मालिकहरू र सरकारले मद्दत गर्नुपर्दछ। नाफालाई पन्छाएर जनताको पीडालाई ध्यान दिनुपर्दछ।

सो क्षेत्रबाट तेल उत्खनन गरेर धेरै नाफा कमाउने तेल कम्पनीहरूले पुनः निर्माणको लागि चाहिने अरबौँ डलर उपलब्ध गराउनुपर्दछ। एक्सन मोबिल कम्पनिले बाटोन रग (Baton Rouge) खानीबाट प्रतिदिन ४,९३,००० ब्यारल तेल झिक्छ, चेभ्रोन (Chevron) ले पास्कागोला (Pascagoula) बाट ३,२५,००० ब्यारल र कोनोको फिलिप्स (Conoca Phillips) ले २,४७,००० ब्यारल तेल झिक्छन्। यी सबै रकम त्यो क्षेत्रबाट झिकेको हो तथा इराकको तेललाई कब्जामा लिनु पनि धेरै पैसा खर्च गरिएको छ। ग्यासोलिन (Gasolaine) को मूल्य ३ डलरले बढाएर कमाएको नाफा पनि फिर्ता गर्नुपर्छ र मूल्यवृद्धि घटाउनु पर्दछ।

साधारण अर्थमा भन्नुपर्दा बहुराष्ट्रिय कम्पनीहरूले सहयोग बढाउनुपर्छ किनभने तिनीहरूले न्यु-ओर्लियन्सबाट धेरै श्रम शोषण गरेर पैसा कमाएका छन्। पुनः निर्माणको लागि अधिकारीहरूले लिएको दृष्टिकोण साँगुरो छ। क्षतिबाट बाहिर निस्कन महिनौ, वर्षौं लाग्ने कुरा तिनीहरू गरिरहेका छन्। एकपटक स्थिति साम्य भएपछि बाढी बीमा भएका व्यक्तिहरूले केही राहत पाउन सक्छन्। तर, बिना बीमाका गरीबहरूको लागि कुनै व्यवस्था छैन। पीडितहरूलाई राहत दिन सरकारले कुनै व्यवस्था नगरेको तथ्य लुकाउनको लागि लुटपाटको विषयमा हो हल्ला गरे।

तर, सत्य के हो भने सरकारको नाकैमुनि स्थितिलाई परिवर्तन गर्न ठोस कदम चाल्न सकिन्थ्यो। सो क्षेत्रमा राहतको काममा मद्दत गर्न लाखौँ मजदुरहरूलाई परिचालन गर्न सकिन्थ्यो। आवास व्यवसायमा आएको प्रगतिसँगै निर्माण व्यवसायीहरूको लागि लाखौँ निर्माण मजदुरहरूले कठोर श्रम गरिरहेका छन्। व्यवसायी, निर्माण मजदुर, इन्जिनियर, चिकित्सक, सामाजिक कार्यकर्ता र देशभरिका मजदुरहरूलाई परिचालन गरेर पुँजीवादी व्यवसायलाई रोक्ने प्रयास गर्नुपर्दथ्यो तथा न्यु-ओर्लियन्सका जनतालाई मद्दत गर्न परिचालन गर्नुपर्दथ्यो।

करोडौँ बेरोजगार मजदुरहरूलाई ज्याला दिएर भाडामा लिन सकिन्थ्यो। पुनः निर्माणको प्रयासमा सङ्गठित श्रम शक्ति अग्रदूत बन्न सक्दथ्यो। ठुलठुला कम्पनीका मालिकहरू बीमाबाट कसरी क्षतिपूर्ति प्राप्त गर्ने, आफ्नो नाफादायी प्रसोधन केन्द्रहरूलाई पुनः सञ्चालन गर्न र नाफा कमाउने ध्यानमा थिए। यसको विपरीत मजदुरवर्ग जनताको, विशेषगरी अफ्रिकी, ल्याटिन, गरीब गोरा र पीडितहरूको नियतिप्रति चिन्तित थिए। पुनः निर्माण प्रयास सुरु भएपछि तथा सञ्चारमाध्यमहरू पुनः सुरु भएपछि मजदुर सङ्घ सामुदायिक सङ्गठनहरू र अन्य समूहहरूले स्वाधीन समूह स्थापना गरेर पीडित क्षेत्रका जनतालाई सहयोग पुऱ्याउन सक्थे।

सम्पत्तिभन्दा जनतालाई बढी महत्त्व दिएर क्युबाजस्ता समाजवादी देशहरूमा पुनः निर्माण परियोजना सन्चालन गरिन्छ। सरकारले यसलाई ठुलो आपत्कालीन राष्ट्रिय सङ्कटको रूपमा लिनुपर्दथ्यो। सङ्कटको अनुपातमा राहतका कदमहरू चाल्नुपर्दथ्यो। हरेक व्यक्तिलाई बेरोजगार बीमा दिने काम गर्नुपर्दथ्यो। व्यक्तिगत सम्पत्तिमा भएको क्षतिलाई क्षतिपूर्ति गरिनुपर्दछ। पीडितहरूलाई दीर्घकालीन र अल्पकालीन सहयोग दिने प्रयास सरकारले जारी राख्नुपर्दछ। यही समयमा मजदुरवर्गले पुँजीवादी सरकारको अधिकारभन्दा पनि पर गएर सक्दो सहयोग पीडित जनतालाई पुऱ्याउनुपर्दछ।

The New Worker
9 September 2005





# न्यु ओर्लियन्स : जनता मरिरहेका छन् !

## *स्वतन्त्रता समाजवादी सङ्गठनको वक्तव्य*

(Statement by Freedom Road Socialist Organization)

न्यु ओर्लियन्समा आएको समुद्री आँधीमा आफ्नो घरवार र प्रियजनहरू गुमाएकाहरूप्रति हाम्रो हार्दिक सहानुभूति छ। पानीमा शवहरू तैरिरहेका छन्। घरका छाना र पुलहरू सहयोगको आशामा रहेका व्यक्तिहरूले भरिएका छन्। तर, सहयोग, खाना र पानी आइपुगेको छैन।

धनीहरू भागेर टाढा रहेको आफ्नो दोस्रो घरमा पुग्न सफल भए तर थोरै आम्दानी भएकाहरू, मजदुर वर्ग र विशेषगरी अफ्रिकी जनता आँधीको विनाशबाट पीडित बने। क्याट्रिना आँधीले प्रकृतिको शक्ति तथा संरा अमेरिकी समाजको कमजोरी देखाउँछ। सबै प्रकोपहरू प्राकृतिक हुँदैनन् धेरैजसो मानिसले निम्त्याएको हुन्छ र त्यसलाई रोक्न सकिन्छ। वास्तवमा यो अप्राकृतिक त्रासदी हो। हामीले किन त्यसो भन्छौँ ? गरीब अफ्रिकी-अमेरिकीहरूको लागि कुनै राहत योजना थिएन।

त्यहाँबाट बाहिर निस्कन नसक्नेले एक अर्काको मुख ताकेर आफ्नो अमूल्य जीवन बचाउने प्रयासबाहेक अरु केही गर्न सकेनन्। सहर र राज्य दुवैसँग राहत योजना थिएनन्। ठुलो समुद्री आँधीमा यत्रो क्षति हुने सम्भावना रहेको अधिकारीहरूलाई थाहा थियो। समुद्री सतहभन्दा थोरै उचाइमा रहेका र सहरका गरीब भागहरूलाई बचाउन संसदले अस्वीकार गऱ्यो। यो गल्ती थिएन अपराध थियो।

बुश आफ्नो छुट्टी मनाउन टेक्सासमा थिए। आँधीपछि भएको पत्रकार सम्मेलनमा उनी शान्त थिए। आँधीको विषयमा पूर्व जानकारी भएर हरेक समाचार संस्थानबाट त्यसको प्रसारण गरे तापनि तथा विगतमा सो क्षेत्र आँधीबाट पीडित भइसकेको भए तापनि सरकार र राजनीतिज्ञहरूले त्यो प्रकोपलाई घट्न दिए तथा अहिले स्थिति झन खराब भयो।

यसको कारण सरल छ - कम आम्दानी भएका अफ्रिकी जनता तिनीहरूको लागि कुनै महत्त्वपूर्ण छैन। बुशको लागि रिपब्लिकन पार्टी र धनी गोराहरूको लागि गरीब जनता फाल्तु हुन्। तिनीहरूको घर र जीवन अरु शासकहरूको लागि महत्त्वपूर्ण छैन। संरा अमेरिकामा अफ्रिकी जनतामाथिको दमन इतिहास होइन, वर्तमान हो। संरा अमेरिकाको यो भागमा दक्षिणी अमेरिकी र अफ्रिकी जनतामाथि दमन भएको छ। देशभर आक्रोश फैलिएको छ।

अधिकारीहरूले सहयोगको आवश्यकता परेका व्यक्तिहरूको ख्याल राखेनन्। प्यासी, भोकमरीबाट पीडित व्यक्तिहरूलाई पानीमा डुबेको पसलहरूबाट सामानहरू लिन दिए। प्रहरी, रक्षक र सेनालाई सुव्यवस्था कायम राख्न भनियो तथा खोजी र राहत कार्यक्रमहरूलाई छोटो पारियो।

बुश र मुट्ठीभर धनी अरबपति र खरबपतिहरूले आधा विश्व चहारी कुनै देशमा रहेको तेल कब्जा गर्न आफ्नो सेनालाई परिचालन गर्छन् तर न्युओर्लियन्स र नजीकैका तटीय क्षेत्रहरूमा रहेका जनतालाई आवश्यक स्रोतहरू परिचालन गरेनन्। यो गहिरो सङ्कटलाई रोक्न आकास र पाताल एक गर्नुपर्थ्यो तर धनी व्यक्तिहरू र राजनीतिज्ञहरू मूकदर्शक बने तथा न्यून आय भएको अफ्रिकी-अमेरिकी र अन्य जनतालाई मर्न दिए।

हाल सरकारले गरेको राहत र बचाउ कार्य अपर्याप्त मात्र नभई खराब स्रोत छ। यसको लागि जिम्मेवार व्यक्तिहरूमाथि कारबाही हुनुपर्दछ। आँधीबाट पीडितहरूलाई उल्लेख्य रूपमा सहयोग गर्नुपर्छ भन्ने हाम्रो माग छ। आवश्यकता परेका व्यक्तिहरूलाई प्राथमिकता दिनुपर्छ।

हाम्रो साझा पीडालाई आक्रोशमा बदल्नुपर्छ। सहयोग आवश्यक छ र न्याय पनि।

The New Worker
9 September 2005

# क्युबाद्वारा संरा अमेरिकालाई चिकित्सकहरू पठाउने सहयोगको प्रस्ताव

हालै संरा अमेरिकामा आएको समुद्री आँधी क्याट्रिनाबाट पीडित भएकाहरूको लागि क्युबाली राष्ट्रपति फिडेल क्यास्ट्रोले औषधि र आवश्यक उपकरणसहित ११ सय चिकित्सक संरा अमेरिका पठाउने प्रस्ताव राख्नुभयो।

टेलिभिजनमा प्रसारित एउटा कार्यक्रममा क्युबाली नेताले संरा अमेरिकाले प्रस्ताव स्वीकार्ने बित्तिकै १०० जना चिकित्सकहरू त्यहाँ जान तयार रहेको बताए। केही दिनभित्रै ५०० को समूहमा गरी दुइटा टोली संरा अमेरिका जान तयार रहेको क्यास्ट्रोले बताउनुभयो। हरेक चिकित्सक २४ किलोग्राम औषधि र आपत्कालीन परिस्थितिमा सहयोग गर्ने साधनका साथ तयार रहेको उहाँले बताउनुभयो।

ती ११०० चिकित्सकहरूसँग अन्तर्राष्ट्रिय अनुभव र अङ्ग्रेजी भाषाको ज्ञान रहेको तथा शक्तिशाली आँधीबाट गम्भीर रूपमा पीडित सुदूर क्षेत्रमा सहयोग पुऱ्याउन तयार रहेको क्युवाली क्रान्तिका नेताले बताउनुभयो। स्वास्थ्य बीमाबाट वञ्चित रहेका तथा चिकित्सकीय सेवाको आवश्यकता परेका हजारौँ व्यक्तिहरू रहेको उहाँले बताउनुभयो।

संरा अमेरिकाको जनतालाई समवेदना पत्र क्युवाली सरकारले पठाएको तथा राजधानी हवानामा रहेको संरा अमेरिकासम्बन्धी निकाय र वाशिङ्गटनमा रहेका क्युवाली कूटनीतिज्ञहरूमार्फत सहयोगको प्रस्ताव अगाडि सारेको राष्ट्रपति क्यास्ट्रोले बताउनुभयो।

अहिलेसम्म संरा अमेरिकाबाट कुनै जवाफ नआएको र क्युवाले मानवीय सहयोगको प्रस्ताव राखेको स्वीकार नगरेको उहाँले बताउनुभयो।

The New Worker
9 September 2005

# अमेरिका–इरान युद्धको तनाव थप चर्किंदै



*इरानी मिसाइल प्रत्याक्रमणमा परेको बहराइनको बन्दरगाह मनामास्थित अमेरिकी जलसेनाको पाँचौं बेडाको मुख्यालय अगस्ट ९। २०२६ को दिन ।*

पेरिस, ९ सेप्टेम्बर (एएफपी) । इरान र संयुक्त राज्य अमेरिकाबिच सैन्य तनाव थप चर्किएको छ । आफ्ना जहाजमाथि अमेरिकी आक्रमणको जवाफी कारबाहीस्वरूप इरानले बुधबार हर्मुज जलडमरुमा अमेरिकी जहाज र तेल ट्याङ्करलाई लक्षित गर्नुका साथै जोर्डनस्थित अमेरिकी सैन्य अड्डामा क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ । बढ्दो तनावले मध्यपूर्वको सुरक्षा र विश्वव्यापी तेल आपूर्तिमाथि जोखिम बढाएको छ ।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्सले हर्मुजबाट पार गर्न खोजिरहेका दुई अमेरिकी जहाज, आठ तेल ट्याङ्कर र १० 'गैर–अनुपालन जहाज' लाई लक्षित गरेको जनाएको छ । साथै कुवेत र बहराइनका बन्दरगाहमा रहेका तेल ट्याङ्करलाई समेत आक्रमण गर्ने चेतावनी दिँदै चालक दललाई जहाज छाड्न आग्रह गरेको छ ।

इरानले जोर्डनस्थित अमेरिकी सैन्य अड्डामा क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ भने जोर्डनको सेनाले इरानबाट प्रहार गरिएका १८ क्षेप्यास्त्र खसालेको बताएको छ ।

तनावसँगै अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य बढेको छ । बुधबार एसियाली बजारमा ब्रेन्ट क्रुडको मूल्य प्रतिब्यारेल ९९.४६ अमेरिकी डलर तथा वेस्ट टेक्सास इन्टरमिडियटको मूल्य ९४.४५ डलर पुगेको थियो ।

अमेरिकी सेन्ट्रल कमान्डका अनुसार इरानी तेलवाहक जहाजले अमेरिकी युद्धपोतमा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेपछि अमेरिकी सेनाले मङ्गलबार पाँच इरानी तेलवाहक जहाज नष्ट गरेको थियो । इरानी सञ्चारमाध्यमले खर्ग टापुनजिकै एउटा सानो तेल ट्याङ्करमाथि अमेरिकी क्षेप्यास्त्र प्रहार भएको तथा जास्क बन्दरगाहमा विस्फोट भएको जनाएका छन् ।

यसअघि इरानी सशस्त्र बलका चिफ अफ स्टाफ अली अब्दुल्लाहिले इरानी तेल ट्याङ्करमाथि आक्रमण भए क्षेत्रका अमेरिकी सैन्य आधारलाई लक्षित गर्ने चेतावनी दिनुभएको थियो ।

चार वर्षको युद्धविरामपछि यमनमा पुनः द्वन्द्व चर्किरहेका बेला हुथीहरूले लाल सागरको प्रवेशद्वार बाब अल–मन्डब नजिकै आक्रमण तीव्र पारेका छन् ।

इरानले अमेरिकी मानवरहित पनडुब्बी र एमक्यू–१ ड्रोन नष्ट वा कब्जा गरेको दाबी गरेको छ । अमेरिकी सेनाले भने पानीमुनि ड्रोनमा खराबी आएको र त्यसमा संवेदनशील सूचना नरहेको जनाएको छ ।

यसैबिच अमेरिकाले इरानमाथि आर्थिक दबाब पनि बढाएको छ । अमेरिकी अर्थ मन्त्रालयले इरानको उड्डयन क्षेत्रमार्फत हतियार, कर्मचारी र अवैध कार्गो ओसारपसारमा सहयोग पुगेको आरोपमा ३६ वटा व्यक्ति तथा संस्थामाथि प्रतिबन्ध लगाएको जनाएको छ ।

पछिल्ला घटनाक्रमले हर्मुज जलडमरुमा सम्भावित अवरोधका कारण मध्यपूर्वको सुरक्षा मात्र नभई विश्वव्यापी ऊर्जा बजारमा समेत थप अस्थिरता आउनसक्ने चिन्ता बढाएको छ ।

# संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभा अधिवेशन सुरु

न्युयोर्क, ९ सेप्टेम्बर (सिन्हवा) । संयुक्त राष्ट्रसङ्घको ८१ औँ महासभा अधिवेशन मङ्गलबारदेखि औपचारिक रूपमा सुरु भएको छ । संयुक्त राष्ट्रसङ्घीय महासभाका नवनिर्वाचित अध्यक्ष खलिलुर रहमानले न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा अधिवेशनको उद्घाटन गर्नुभएको हो ।

उद्घाटन सत्रलाई सम्बोधन गर्दै अध्यक्ष रहमानले संयुक्त राष्ट्रसङ्घका लागि आफूले महत्त्वपूर्ण र चुनौतीपूर्ण समयमा जिम्मेवारी सम्हालेको बताउनुभयो । संयुक्त राष्ट्रसङ्घ आफ्नो स्थापनाको नवौँ दशकमा प्रवेश गरिरहँदा विगतका उपलब्धिहरू महत्त्वपूर्ण भए पनि विश्वले गम्भीर चुनौतीहरूको सामना गरिरहेको उहाँले उल्लेख गर्नुभयो ।

उहाँका अनुसार विश्वका विभिन्न क्षेत्रमा जारी द्वन्द्वले ठुलो मानवीय पीडा निम्त्याइरहेको छ भने विकासका उपलब्धिहरू कमजोर र अस्थिर छन् । जलवायु परिवर्तनका असरसमेत तीव्र रूपमा बढिरहेका छन् ।

रहमानले भन्नुभयो, "यी चुनौतीहरूले बहुपक्षीयताप्रतिको विश्वासमा ठुलो दबाब सिर्जना गरेका छन् ।" अन्तर्राष्ट्रिय संस्था र सामूहिक प्रयासप्रतिको विश्वासमा देखिएको कमीलाई संवाद, सहकार्य र प्रभावकारी काममार्फत सम्बोधन गर्नुपर्ने उहाँले बताउनुभयो ।

रहमानले आफ्नो कार्यकालको मुख्य प्रतिबद्धता संयुक्त राष्ट्रसङ्घप्रति पुनः विश्वास निर्माण गर्नु रहेको बताउनुभयो । ८१ औँ महासभाको मुख्य विषय "विश्वास पुनर्स्थापना, रूपान्तरण व्यवस्थापन : सबैका लागि परिणाम दिने संयुक्त राष्ट्रसङ्घ" तय गरिएको छ ।

यस अधिवेशनमा मुख्यतः शान्ति तथा सुरक्षा सुदृढीकरण, दिगो विकासलाई तीव्रता, जलवायु परिवर्तनविरुद्धको कार्यलाई प्रभावकारी बनाउने, मानवअधिकारको प्रवर्द्धन, प्रविधिगत रूपान्तरणलाई जनमुखी बनाउने तथा बहुपक्षीयताप्रति विश्वास पुनर्स्थापना गरी छ प्राथमिकतामा केन्द्रित भएर काम गरिनेछ ।

रहमानले सन् १९४५ को भन्दा आजको विश्व निकै फरक भएकाले संयुक्त राष्ट्रसङ्घले आफ्नो मूल मूल्य र बडापत्रप्रतिको प्रतिबद्धता कायम राख्दै संस्थागत सुधार र परिवर्तनअनुकूल विकास गर्नुपर्ने बताउनुभयो ।

यसैबिच, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले वर्तमान अशान्तिपूर्ण विश्व परिस्थितिमा विश्वव्यापी समस्या समाधान गर्ने बहुपक्षीय प्रणालीको भूमिका झनै महत्त्वपूर्ण भएको बताउनुभयो । उहाँले द्वन्द्व, विभाजन र आणविक तनावको जोखिम, गरिबी तथा असमानता, बढ्दो जलवायु सङ्कट, कृत्रिम बुद्धिमत्ताबाट सिर्जित अवसर तथा जोखिम र दिगो विकासका लक्ष्य हासिल गर्ने सुस्त प्रगतिलाई प्रमुख चुनौतीका रूपमा औँल्याउनुभयो ।

गुटेरेसका अनुसार विश्वमा विस्थापित मानिसहरूको सङ्ख्या उच्च स्तरमा पुगेको छ भने मानवीय पीडा बढ्दै गएको र सहायता तथा विकासका लागि उपलब्ध स्रोत घट्दै गएको छ । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद् तथा अन्तर्राष्ट्रिय वित्तीय संरचनालगायत बहुपक्षीय संस्थाहरूले पनि वर्तमान चुनौती सामना गर्न कठिनाइ भोगिरहेका उहाँले बताउनुभयो ।

अन्तर्राष्ट्रिय कानुन र मानवअधिकारको बारम्बार उल्लङ्घन भइरहेको तथा भूराजनीतिक अविश्वासका कारण प्रभावकारी अन्तर्राष्ट्रिय समाधानमा अवरोध सिर्जना भएको गुटेरेसको भनाइ थियो ।

उहाँले अध्यक्ष रहमानको नेतृत्वमा महासभाले कूटनीति, संवाद र सहकार्यका माध्यमबाट विश्व राजनीतिमा कमजोर हुँदै गएको विश्वास र सद्भाव पुनर्निर्माण गर्ने आशा व्यक्त गर्नुभयो ।

गुटेरेसले 'भविष्यका लागि सम्झौता' र 'संयुक्त राष्ट्रसङ्घ–८० पहल' लाई संयुक्त राष्ट्रसङ्घको भविष्यका लागि सुधार तथा कार्ययोजनाको आधारका रूपमा प्रस्तुत गर्दै ८१ औँ महासभाले ती प्रतिबद्धतालाई कार्यान्वयनमा लैजान महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो ।

"अबको दिशा स्पष्ट छ । हामीले यस क्षणको सामना गर्दै संयुक्त राष्ट्रसङ्घको महान् उद्देश्यअनुरूप विश्वलाई आवश्यक समाधान प्रदान गर्न एकताका साथ अघि बढ्नुपर्छ," गुटेरेसले भन्नुभयो ।

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

राष्ट्रिय परीक्षा बोर्डबाट उपलब्ध गराइएको कक्षा १२ को मेरो माइग्रेसन सर्टिफिकेट यही २०८३/०४/१७ गतेदेखि भक्तपुर जगाती क्षेत्रबाट हराएको हुँदा सो सर्टिफिकेट पाउनुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा बोर्डको कार्यालय तथा तपसिलको मोबाइल नम्बरमा सम्पर्क गरी बुझाई दिनुहोला ।

**तपसिल**
**नाम** : उषा राई
**ठेगाना** : चिसापानी, खोटाङ
**हालको ठेगाना** : देउजागाउँ, भक्तपुर
**मोबाइल नं.** : ९७४३९१६१९५

# भारी वर्षाले एसियाली खेलकुद प्रभावित

टोकियो, ९ सेप्टेम्बर (एएफपी) । जापानको नागोयामा भएको रेकर्ड भारी वर्षाका कारण एसियाली खेलकुदमा सहभागी सयौँ खेलाडीलाई बुधबार केही समयका लागि आफ्नो आवासबाट सुरक्षित स्थानमा सारिएको छ । आगामी दिनमा पनि वर्षा जारी रहने पूर्वानुमानबिच केही खेलस्थलमा पानी चुहिएको विवरण सार्वजनिक भएका छन् ।

मङ्गलबार नागोयामा एक घन्टामै करिब १०४ मिलिमिटर वर्षा भएपछि नगर अधिकारीहरूले सहरका केही क्षेत्रमा मानिसलाई सुरक्षित स्थानमा जान आदेश दिएका थिए । नागोया पोर्ट अथोरिटीका एक अधिकारीका अनुसार गार्डेन पियर क्षेत्रमा काठका अस्थायी कन्टेनरमा बसिरहेका सयौँ खेलाडीलाई पनि सुरक्षित स्थानमा सारिएको थियो । करिब दुई घन्टापछि आदेश हटाइएपछि खेलाडीहरू आफ्नो आवासमा फर्किएका थिए ।

यस वर्षको एसियाली खेलकुदमा छुट्टै खेलाडी गाउँ निर्माण गरिएको छैन । आयोजकले खेलाडीको आवासका लागि क्रूज जहाज, अस्थायी काठका कन्टेनर र होटलको व्यवस्था गरेका छन् । वर्षाका कारण विभिन्न खेलस्थलमा पानी चुहिएको रिपोर्ट आए पनि तत्काल क्षतिको पूर्ण विवरण भने सहरका अधिकारी र खेल आयोजकले सार्वजनिक गरेका छैनन् ।

एसियाली खेलकुदको औपचारिक उद्घाटन सेप्टेम्बर १९ मा हुने भए पनि केही खेल यसअघि नै सुरु हुँदैछन् । बास्केटबल प्रतियोगिता बिहीबारदेखि सुरु हुने कार्यक्रम छ । प्रतियोगितामा १७ हजारभन्दा बढी खेलाडी तथा अधिकारी सहभागी हुने अपेक्षा गरिएको छ । यो सङ्ख्या ओलम्पिकमा सहभागी हुनेभन्दा पनि बढी हो ।

भारी वर्षाका कारण मङ्गलबार नागोयाका सबवे र बस सेवा केही समय रोकिएका थिए । जापान मौसम विज्ञान एजेन्सीले क्षेत्रका प्रमुख नदीमा उच्चतम तहको बाढी चेतावनी जारी गरेको थियो ।

नागोया नगरले अचानक भएको भारी वर्षाका कारण वर्षाजन्य गम्भीर विपद्को जोखिम बढेको भन्दै तल्लो क्षेत्रमा बाढी, नदीको बढ्दो पानीको सतह र अन्डरपासमा पानी जम्ने सम्भावनाप्रति सावधानी अपनाउन आग्रह गरेको छ ।

वैज्ञानिकहरूका अनुसार मानव गतिविधिबाट बढेको जलवायु परिवर्तनले जापानलगायत विश्वका विभिन्न क्षेत्रमा अत्यधिक वर्षा तथा अन्य चरम मौसमी घटनाको आवृत्ति र तीव्रता बढाइरहेको छ । नागोयामा खेलकुदको ठुलो अन्तर्राष्ट्रिय जमघट सुरु हुनुअघि आएको भारी वर्षाले प्रतियोगिताको तयारीसँगै सहभागीको सुरक्षामाथि पनि थप चुनौती खडा गरेको छ ।

**हार्दिक समवेदना**

जन्म
२०००/०६/०४



स्वर्गारोहण
२०८३/०५/२२

न्हुछेमाया बाइजु

यस जय श्री बाराही अजिमा पासा पुचःका सदस्य आसराम बाइजुकी ममतामयी माता **न्हुछेमाया बाइजु**को दुःखद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**जय श्री बाराही अजिमा पासा पुचः**
नासमना, भक्तपुर

"दिगो, विश्वासिलो र भरपर्दो संस्था"

**बालाखु गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

**Balakhu Ganesh Saving & Credit Co-operative Ltd.**

भक्तपुर नगरपालिका–२, ब्यासी, भक्तपुर, फोन नं. ०१–६६१९३४५, ९७४१८०२४३८

**गैह्र वित्तीय सम्पति बिक्रीसम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८३/०५/२५ गते, बिहीबार

संस्थाको नाममा दर्ता कायम रहेको तपसिलको विवरण भएका घरजग्गा बिक्री गर्ने भएकोले सो घरजग्गा खरिद गर्न चाहने व्यक्ति एवम् सङ्घ संस्थाले आफूले खरिद गर्न चाहेको मूल्यसहित सूचना प्रकाशित मितिले ७ दिनभित्र निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| जग्गाधनीको नाम | जग्गाको ठेगाना | वडा नं | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| बालाखु गणेश बचत तथा ऋण सहकारी संस्था लि. ठेगाना : भ.न.पा.–२, ब्यासी, भक्तपुर प्यान नं. : ३०२७५५२६० | भक्तपुर/झौखेल | ७ ङ | ६३८ | ०–७–०–० र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातसमेत |

**सर्त तथा बन्देजहरू :**

१. शिलबन्दी बोलपत्र आवेदन फाराम यस संस्थाको कार्यालयबाट फिर्ता नहुने गरी रू.२,५००।-(अक्षरेपी दुई हजार पाँच सय रूपैँया मात्र) तिरी प्राप्त गर्न सकिनेछ ।
२. घरजग्गा खरिद गर्न चाहने व्यक्ति तथा सङ्घ संस्थाले आफूले खरिद गर्न चाहेको मूल्यको १०% रकम संस्थाको नामको सिटिजन्स् बैङ्क इन्टरनेसनल लि. भक्तपुर शाखाको खाता नं. ०३००१००००१८३२०१ वा नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क लि. सुकुलढोका शाखाको खाता नं. २५००१०५००००४९९ मा जम्मा गरेको भौचर संस्थामा पेस गर्नुपर्नेछ ।
३. घरजग्गा बिक्री गर्ने नगर्ने अन्तिम अधिकार संस्थामा निहित रहनेछ ।
४. सबैभन्दा बढी मूल्य राख्नेलाई घरजग्गा उपलब्ध गराइनेछ । पहिलो कबोलवालाको बाँकी ९०% रकम बुझाएर घर जग्गा नामसारी गरी नलिएमा दोस्रो कबोलवालालाई जग्गा दिन सक्नेछ ।

# रसुवा बाढीबाट सिक्नुपर्ने पाठ

✍ सुवास दर्नाल

सोलुखुम्बु । रसुवाको हिमाली क्षेत्रमा गत भदौ १० गते आएको आकस्मिक बाढीले हिमाली जिल्लामा विपद्को जोखिम र त्यसको पूर्वानुमान तथा व्यवस्थापनमा थप सजग हुनुपर्ने सन्देश दिएको छ । यस घटनाले हिमताल विस्फोट मात्रै नभई हिमपहिरो, पहिरो, चट्टान खस्ने, नदी थुनिने तथा अत्यधिक वर्षाजस्ता कारणबाट पनि हिमाली क्षेत्रमा एक्कासि ठुलो विपद् निम्त्याउन सक्ने देखाएको छ ।

सगरमाथाको जिल्ला सोलुखुम्बु पनि यस्ता जोखिमबाट अछुतो छैन । जिल्लाको खुम्बु क्षेत्रमा विगतमा हिमताल विस्फोट तथा त्यसबाट उत्पन्न बाढीका घटना भइसकेका छन् । सन् १९८५ मा डिग छो हिमताल विस्फोटबाट आएको बाढीले मानवीय तथा भौतिक क्षति पुऱ्याएको थियो भने सन् १९९८ मा ताम पोखरीमा पनि हिमताल विस्फोट भएको थियो । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को अध्ययनले डिग छो र ताम पोखरीलाई दूधकोसी जलाधारमा विगतमा हिमताल विस्फोट भएका महत्त्वपूर्ण उदाहरणका रूपमा अभिलेख गरेको छ ।

त्यसपछि २०८१ साउन ३२ गते खुम्बु पासाङल्हामु गाउँपालिका-५ स्थित थामे खोलामा आएको बाढीले सोलुखुम्बुको हिमाली भूभागमा विपद्को जोखिम कति गम्भीर छ भन्ने पुन: देखायो । जल तथा मौसम विज्ञान विभागका अनुसार सन् २०२४ अगस्त १६ मा थामे खोलामा आएको बाढी दुई आपसमा जोडिएका हिमतालमध्ये माथिल्लो तालमा गएको सानो पहिरोका कारण तल्लो तालमा पानीको बहाव बढेर ताल फुटेको हुनसक्ने प्रारम्भिक अध्ययनले देखाएको थियो । विभागका अनुसार घटनापछि थामेदेखि ओखलढुङ्गासम्मका तल्लो तटीय क्षेत्रमा करिब एक लाख ४२ हजार मानिसलाई मोबाइलमार्फत पूर्वसूचना सन्देश पठाइएको थियो ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को पछिल्लो अध्ययनले भने थामे घटनालाई अझ जटिल भौगोलिक प्रक्रियाको परिणामका रूपमा व्याख्या गरेको छ । अध्ययनअनुसार करिब चार हजार नौ सय मिटर उचाइमा चट्टानी पहिरो हिमतालमा खस्दा ठुलो छाल उत्पन्न भएको र त्यसपछि तालको बाँध भत्किँदा करिब एक लाख ५६ हजार घनमिटर पानी बाहिरिएको थियो । इसिमोडले सगरमाथा क्षेत्रलाई हिमनदी तथा हिमतालसँग सम्बन्धित विपद्को दृष्टिले संवेदनशील क्षेत्रका रूपमा उल्लेख गर्दै जोखिम न्यूनीकरण र पूर्वतयारीलाई प्राथमिकता दिनुपर्ने बताएको छ ।

यस दृष्टिले रसुवाको पछिल्लो बाढी सोलुखुम्बुका लागि पनि एउटा महत्त्वपूर्ण चेतावनी बनेको सगरमाथा प्रदुषण नियन्त्रण समिति (एसपीसीसी) का अध्यक्ष लामाकाजी शेर्पाको भनाइ छ । हिमाली क्षेत्रमा विपद्को स्वरूप परिवर्तन हुँदै गएको अवस्थामा जोखिमयुक्त क्षेत्रको पहिचान, नियमित निगरानी, पूर्वसूचना प्रणाली र स्थानीय समुदायको तयारीलाई थप प्रभावकारी बनाउनुपर्ने देखिएको छ ।

**सोलुखुम्बुमा हिमतालको अवस्था**

सोलुखुम्बु हिमनदी तथा हिमतालका दृष्टिले नेपालको महत्त्वपूर्ण हिमाली जिल्ला हो । राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रतिवेदन २०२४ मा नेपालका हिमनदी तथा हिमतालको तथ्याङ्क समेटिएको छ । उक्त प्रकाशनमा सोलुखुम्बुसँग सम्बन्धित सम्भावित खतरनाक हिमतालको विवरण राख्दा सन् २०१० को राष्ट्रिय अनुकूलन कार्यक्रमलाई स्रोतका रूपमा प्रयोग गरिएको छ ।

सरकारी अभिलेखमा लुम्दिङ छो, डिग छो, इम्जा छो, तामपोखरी, दूधपोखरी, हुङ्गु, इस्ट हुङ्गुका विभिन्न ताल, वेस्ट चाम्जाङ तथा केही नाम नदिइएका माललगायतका हिमताल सूचीकृत छन् । उक्त अभिलेखमा सोलुखुम्बुका १२ वटा हिमतालको नाम प्रविष्टि देखिन्छ । तर, हिमतालको जोखिमसम्बन्धी तथ्याङ्कलाई समयसँगै अद्यावधिक गर्नुपर्ने आवश्यकता देखिन्छ । नेपालमा रहेका २१ वटा सम्भावित खतरनाक हिमतालमध्ये नौवटा दूधकोसी उपजलाधारमा रहेको अध्ययनले देखाएको छ ।

दूधकोसी उपजलाधारका हिमतालबारे इसिमोडका विभिन्न अध्ययनले हिमनदीको पछाडि हट्ने क्रमसँगै केही हिमताल विस्तार हुँदै गएको देखाएका छन् । सन् २००९ मा प्रकाशित अध्ययनमा दूधकोसी बेसिनमा १२ वटा सम्भावित खतरनाक हिमताल पहिचान गरिएको थियो । थप स्थलगत अध्ययनपछि केही माललाई जोखिम सूचीबाट हटाउन सकिने र केहीको आकारमा खासै परिवर्तन नभएको पाइएको थियो भने केही ताल निरन्तर बढिरहेको उल्लेख थियो ।

सो अध्ययनले इम्जा छो, लुम्दिङ, वेस्ट चाम्जाङ, हङ्गु तथा ताम पोखरीलगायतका माललाई विभिन्न तहमा अध्ययन तथा निगरानी गर्नुपर्ने देखाएको थियो । सन् २००९ को अध्ययनमा इम्जा छो तीव्र गतिमा विस्तार भइरहेका हिमतालमध्ये एक रहेको उल्लेख छ । इम्जा छोमा जोखिम न्यूनीकरणका कामसमेत भएका छन् । हिमतालको पानीको सतह घटाउने तथा जोखिम न्यूनीकरणका लागि संरचनात्मक काम गरिएको थियो । यसबाट जोखिम पहिचानपछि नियमित अध्ययन, निगरानी र आवश्यकताअनुसार जोखिम न्यूनीकरणका उपाय अपनाउन सकिने देखिन्छ । तर अबको प्रश्न एउटै तालमा गरिएको कामलाई अन्य सम्भावित जोखिमयुक्त क्षेत्रमा कसरी विस्तार गर्ने भन्ने हो ।

**तथ्याङ्क अध्यावधिक गर्नुपर्ने प्रश्न**

हिमतालसम्बन्धी विभिन्न समयका अध्ययनमा तालको क्षेत्रफल र अवस्थाबारे फरक-फरक तथ्याङ्क भेटिन्छन् । यस्तो फरक देखिनुको कारण अध्ययनको वर्ष, प्रयोग गरिएको मापन विधि र तालको मौसमी अवस्थालगायत हुनसक्छ । इसिमोडको सन् २०२० को हिमताल सूचीकरणले पनि हिमताल पहिचानका लागि उपग्रह प्रविधि प्रयोग गरेको थियो । उक्त अध्ययनले तालको विशेषता, तालको बाँध, स्रोत हिमनदी तथा वरपरको भूआकृतिलाई आधार बनाएर सम्भावित खतरनाक हिमताल पहिचान गरेको थियो ।

यसकारण, सोलुखुम्बुका हिमतालको जोखिम मूल्याङ्कनमा पुरानो सूचीलाई आधार मात्र बनाउनुको सट्टा नियमित स्याटलाइट मोनिटरिङ, आवश्यक स्थानमा स्थलगत अध्ययन, तालको पानीको मात्रा तथा बाँधको अवस्था र सम्भावित बाढीको मार्गको अद्यावधिक अध्ययन आवश्यक रहेको यस क्षेत्रका विज्ञहरूको सुझाव छ । जिल्लामा हिमतालजन्य बाढीको जोखिम बुझ्न विगतका घटना महत्त्वपूर्ण आधार हुन सक्ने खुम्बु पासाङ ल्हामु गाउँपालिका-४ का वडाध्यक्ष लक्ष्मण अधिकारीले बताउनुभयो ।

वडाध्यक्ष अधिकारीका अनुसार सन् १९८५ मा डिग छो हिमताल फुट्दा दूधकोसी क्षेत्रमा ठुलो बाढी आएको थियो । इसिमोडको पछिल्लो प्रतिवेदनले उक्त घटनाबाट नाम्चे जलविद्युत् आयोजनालगायतका संरचनामा क्षति पुगेको र आर्थिक क्षति भएको अभिलेख गरेको छ । थप अध्ययनपछि डिग छोको हालको अवस्था भने विगतको जस्तो उच्च जोखिमयुक्त नभएको निष्कर्षसमेत प्रकाशित भएको छ ।

**जोखिम बस्तीमा मात्र सीमित छैन**

हिमाली क्षेत्रमा हिमताल वा हिमपहिरोबाट उत्पन्न आकस्मिक बाढीको असर बस्तीमा मात्र सीमित हुँदैन । पदमार्ग, पुल, सडक, खानेपानी, विद्युत्, सञ्चार, विद्यालय, स्वास्थ्य संस्था तथा पर्यटनसँग सम्बन्धित संरचनासमेत प्रभावित हुन सक्ने खुम्बुका स्थानीय सोनाम दोर्जी शेर्पाको भनाइ छ । सन् २०२४ को थामे बाढीले घर तथा अन्य संरचनासँगै विद्यालय, स्वास्थ्यचौकी र होटलमा क्षति पुऱ्याएको इसिमोडको अध्ययनले देखाएको छ । उक्त घटनामा मानवीय क्षति हुनबाट बचेँ पनि भौतिक संरचनामा ठुलो क्षति पुगेको तत्कालिन घटनाको उद्धारमा संलग्न प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेको अनुभव छ ।

“दिनको समयमा बाढी आएकाले उद्धार र मानिसलाई सुरक्षित स्थानमा लैजान सहज भयो । तर घटनाले हिमाली क्षेत्रमा यस्ता जोखिमका लागि पूर्वतयारी कति महत्त्वपूर्ण रहेछ भन्ने देखायो,” प्रनाउ घिमिरेले भन्नुभयो । सोलुखुम्बुको अर्थतन्त्र पर्यटनसँग निकट रूपमा जोडिएकाले विपद् जोखिम व्यवस्थापनलाई मानवीय सुरक्षासँगै पर्यटन पूर्वाधार र स्थानीय अर्थतन्त्रको सुरक्षासँग पनि जोडेर हेर्नुपर्ने कीर्तिमानी सगरमाथा आरोही स्पिडकाजी शेर्पाको भनाइ छ । “पर्यटन क्षेत्रका पदमार्ग, पुल, होटल तथा अन्य संरचनाको जोखिम मूल्याङ्कन गरी आवश्यक सुरक्षा तथा पूर्वतयारीमा ध्यान दिनुपर्छ,” उहाँले भन्नुभयो ।

**पूर्वसूचना प्रणालीमा थप सुधार**

थामे घटनापछि जल तथा मौसम विज्ञान विभागले तल्लो तटीय क्षेत्रमा पूर्वसूचना सन्देश पठाएको अनुभवले हिमाली क्षेत्रमा पूर्वसूचना प्रणालीको महत्त्व देखाएको छ । विभागका अनुसार प्रारम्भिक सूचना प्राप्त भएपछि थामेदेखि ओखलढुङ्गासम्मका तल्लो तटीय बस्तीमा करिब एक लाख ४२ हजार मानिसलाई मोबाइलमार्फत नि:शुल्क पूर्वसूचना पठाइएको थियो । विपद्को जोखिम न्यूनीकरणका लागि सूचना समयमै पहिचान गरी जोखिममा रहेका समुदायसम्म तत्काल पुऱ्याउने र उनीहरूलाई सुरक्षित स्थानतर्फ जान सक्ने व्यवस्था आवश्यक हुन्छ ।

यही उद्देश्यले खुम्बुको थामेदेखि सुर्केसम्मको क्षेत्रमा करिब आठ स्थानमा पूर्वसूचना साइरन प्रणाली जडान गरिएको सगरमाथा प्रदूषण नियन्त्रण समिति ( एसपीसीसी) का अध्यक्ष लामाकाजी शेर्पाले जानकारी दिनुभयो । उहाँका अनुसार करिब छ महिनाअघि जडान गरिएको उक्त प्रणालीले नदीको पानीको सतह खतराको तह पार गरेपछि एकैपटक सबै स्थानमा सतर्कता साइरन बजाउनेछ । साइरन बजेसँगै स्थानीय बासिन्दा तथा पर्यटकलाई सम्भावित जोखिमबारे तत्काल जानकारी प्राप्त हुने र सुरक्षित स्थानतर्फ जान पर्याप्त समय उपलब्ध हुने उहाँले बताउनुभयो ।

यता खुम्बु पासाङ ल्हामु गाउँपालिका-४ अन्तर्गत दिङ्बोचे, पाङ्बोचे र छुगिटागा लगायतका स्थानमा यसअघि नै बाढीको पूर्वसूचना दिन साइरन जडान गरिएका छन् तर ती उपकरण अहिले सञ्चालनमा छन् कि छैनन् भन्ने यकिन नभएको वडाध्यक्ष लक्ष्मण अधिकारीले बताउनुभयो । “मेरो वडाका तीन ठाउँमा धेरै वर्षअघि साइरन राखिएका हुन् । अहिले ती सञ्चालनमा छन् कि छैनन् भन्ने कुनै यकिन छैन । साइरन छ, तर त्यसको सक्रियता र अवस्थाबारे जानकारी छैन,” उहाँले भन्नुभयो ।

वडा कार्यालयका अनुसार ती साइरन तत्कालीन इम्जा लेक लोअरिङ परियोजनाले जडान गरेको थियो तर त्यसपछि नियमित सञ्चालन, मर्मत तथा परीक्षण नभएकाले हाल ती उपकरण प्रयोगयोग्य अवस्थामा छन् वा छैनन् भन्ने स्पष्ट हुन सकेको छैन । खुम्बुको छुकुममा सन् २००७ मा आएको बाढीले ठुलो होटलसमेत बगाएको थियो । पछिल्ला वर्षमा सगरमाथा क्षेत्रका विभिन्न स्थानमा साना हिमताल तथा हिमनदी फुटेर आउने बाढीले पदमार्गमा बनाइएका काठे साँघु र पुल बगाउने घटना पनि दोहोरिँदै आएका छन् । यस्तो घटना खुम्बु क्षेत्रमा बर्सेनीजसो हुने सामान्य जोखिमका रूपमा स्थापित हुँदै गएको वडाध्यक्ष अधिकारीको भनाइ छ ।

**रसुवा घटनाले सिकाएको पाठ**

रसुवाको पछिल्लो घटनाले सोलुखुम्बुसहित हिमाली जिल्लालाई डराउनुभन्दा तयार रहनुपर्ने पाठ दिएको कीर्तिमानी सगरमाथा आरोही स्पीडकाजी शेर्पा बताउनुहुन्छ । रसुवामा भदौ १० गते आएको बाढीको कारणबारे अध्ययन जारी रहे पनि प्रारम्भिक विवरणले हिमपहिरो, नदी थुनिने र अचानक ठुलो पानीको बहाव आउनेजस्ता प्रक्रियाबाट हिमाली क्षेत्रमा आकस्मिक विपद् निम्त्याउन सक्ने देखाएको छ । नेपाल रेडक्रसको प्रारम्भिक विवरणमा समेत हिमपहिरोले लेन्दे खोला थुनेर अचानक पानीको बहाव बढेको हुनसक्ने उल्लेख छ ।

यसकारण अब हिमतालको जोखिम मूल्याङ्कन गर्दा ताल मात्र हेर्नेभन्दा त्यससँग जोडिएको हिमनदी, हिमपहिरो सम्भावित क्षेत्र, चट्टानी भू-भाग र नदी प्रणालीलाई समेत समेटेर अध्ययन गर्नुपर्ने मत आरोही शेर्पाको छ । पर्यटनविद् आङछिरिङ शेर्पा हिमाली जिल्लाले पुराना जोखिम सूचीलाई आधार बनाएर मात्र नबस्ने र पछिल्लो भू-उपग्रह तथ्याङ्क तथा स्थलगत अध्ययनका आधारमा जोखिमको पुनर्मूल्याङ्कन गर्नुपर्ने बताउनुहुन्छ ।

“कुन तालको आकार परिवर्तन भएको छ, कुन क्षेत्रमा नयाँ ताल बनेका छन्, कुन तालको बाँध वा वरपरको भू-भागमा परिवर्तन आएको छ र कुन क्षेत्रमा सम्भावित असर बढी पर्न सक्छ भन्ने विषयमा नियमित अध्ययन आवश्यक छ,” उहाँले भन्नुभयो । उहाँका अनुसार जोखिम नक्सा अद्यावधिक गर्ने, नदी तथा मौसम मापन केन्द्र विस्तार गर्ने, सम्भावित बाढीको मार्ग पहिचान गर्ने र स्थानीय समुदायलाई पूर्वसूचना प्राप्त भएपछि अपनाउनुपर्ने उपायबारे नियमित अभ्यास गराउनुपर्ने आवश्यकता छ ।

हिमाली क्षेत्रमा सबै प्राकृतिक विपद् रोक्न सम्भव नहुन सक्छ । तर जोखिमको पहिचान, नियमित निगरानी, सम्भावित असरको पूर्वानुमान, प्रभावकारी पूर्वसूचना र समुदायको तयारीबाट मानवीय तथा भौतिक क्षति भने घटाउन सकिने छुकुमका स्थानीय जानकार तेन्जिङ जाङ्बु शेर्पाको भनाइ छ । रसुवा र थामेले हिमाली जिल्लालाई दिएको मुख्य सन्देश विपद् आएपछि उद्धार र राहतमा केन्द्रित हुनुभन्दा विपद् आउनुअघि जोखिम बुझ्ने, निगरानी गर्ने र तयारी गर्ने प्रणालीलाई बलियो बनाउनु आवश्यक रहेको यस क्षेत्रका जानकारहरूको सुझाव छ । ***रासस***

# सूर्यविनायक-धुलिखेल सडकखण्ड विस्तार सुस्त : स्थानीयलाई मर्का

✍ सनम सुवाल

काभ्रे । सूर्यविनायक-धुलिखेल सडक विस्तार आयोजना सुस्तगतिमा अघि बढ्दा स्थानीयवासीलाई मर्का परेको छ ।

काठमाडौँ उपत्यकालाई काभ्रेपलाञ्चोकसँग जोड्ने उद्देश्यले आजभन्दा तीन वर्ष अघिदेखि सुरु गरिएको झन्डै १६ किलोमिटर सडक तोकिएकै समयमा निर्माण नहुँदा स्थानीयवासी हिलो र धुवाँका कारण मर्कामा परेका हुन् ।

सडक विस्तारका लागि तोकिएको ३६ महिनाको मूल सम्झौता अवधि समाप्त भएपछि आयोजनाको म्याद थप गरिएको थियो । बजेट अभाव, निर्माण स्थलमा देखिएका अवरोध तथा विभिन्न प्राविधिक समस्याका कारण आयोजनाको काम अपेक्षित गतिमा अघि बढ्न सकेको छैन ।

मुख्य चार लेन र दुई सर्भिस लेन गरी छ लेनमा विस्तार गर्ने लक्ष्यसहित आयोजना अघि बढेको छ । सडक विस्तारसँगै नाला, पैदलमार्ग, सडक सुरक्षा संरचना, रिटेनिङ वाल तथा आवश्यक स्थानमा पुल र अन्डर पासलगायतका संरचना निर्माण गर्नुपर्ने सम्झौता छ ।

सडक विभागका अनुसार आयोजनाको कुल अनुमानित लागत रु. १० अर्ब ५० करोड छ भने सम्झौता रकम रु. आठ अर्ब ५१ करोड छ । आयोजनाको काम सूर्यविनायक-साँगा र साँगा-धुलिखेल गरी दुई सडक खण्डमा विभाजन गरिएको छ ।

पछिल्लो विवरणअनुसार सिङ्गो आयोजना पूरा गर्न अझै ४० प्रतिशत भन्दा बढी काम बाँकी रहेको छ । काभ्रेतर्फको साँगा-धुलिखेल खण्डमा ६८ प्रतिशत भौतिक र ६३ दशमलव पाँच प्रतिशत आर्थिक प्रगति भएको आयोजनाले दाबी गरेको छ ।

भक्तपुरतर्फको सूर्यविनायक-साँगा खण्डमा भौतिक प्रगति ५४ प्रतिशत र आर्थिक प्रगति ४८ प्रतिशत पुगेको बताइन्छ । आयोजनाअन्तर्गतको आठ दशमलव तीन किलोमिटर लामो साँगा-धुलिखेल खण्डको स्तरोन्नतिको सम्झौता लामा कन्स्ट्रक्सन कम्पनी प्रालिले पाएको छ ।

विसं २०७९ मङ्सिर २७ गते रु. चार अर्ब पाँच करोड ६४ लाखमा ठेक्का सम्झौता भएको यस खण्डको म्याद २०८३ मङ्सिर २३ गतेसम्म सम्पन्न गरिसक्नुपर्छ ।

त्यस्तै, सात दशमलव पाँच किलोमिटर लामो सूर्यविनायक-साँगा खण्डको काम बन्धन भगवती जेभीले गरिरहेको छ । यस खण्डका लागि २०७९ पुस २४ गते रु. तीन अर्ब ८८ करोड ९३ लाखमा ठेक्का सम्झौता भएको हो । मूल सम्झौता अवधि ३६ महिना रहेको यस खण्डको म्याद २०८३ फागुन २९ गतेसम्म सम्पन्न गरिसक्नुपर्ने छ ।

काभ्रेतर्फको साँगा-धुलिखेल खण्डमा सर्भिस लेन, नाली तथा रिटेनिङ वाल निर्माणको काम धेरैजसो सम्पन्न भइसकेको छ भने मुख्य सडकमा कालोपत्र गर्ने काम अघि बढिरहेको आयोजना कार्यालयले जनाएको छ ।

साँगा, जनागाल, बाँसघारी, बुडोल तथा बनेपा बजार आसपासका क्षेत्रमा रिटेनिङ वाल, पक्की ढल नाली तथा सर्भिस लेन र मुख्य सडक पिच निर्माणको सुस्तगतिमा भरहेको छ । बनेपा बजारको मुख्य सहरी क्षेत्रमा ढल, सर्भिस लेन तथा मुख्य सडक कालोपत्र गर्ने काम धिमाह गतिमा अघि बढ्दा नगरवासीले सास्ती व्यहोर्नु परेको छ भने स्थानीयको व्यापार व्यवसायमा समेत असर पुगेको बताइन्छ ।

निर्माणका लागि आवश्यक संरचना तयार हुँदै गएपछि यस खण्डमा सडकको स्वरूप क्रमश: परिवर्तन हुँदै गएको देखिए पनि बाँकी काम पूरा नहुँदा व्यापार व्यवसायमा मन्दी आएको यहाँका व्यापारी मणि श्रेष्ठ बताउनुहुन्छ ।

भक्तपुरतर्फको सूर्यविनायक-साँगा खण्डमा सडक विस्तारका लागि जग तयार गर्ने, रिटेनिङ वाल निर्माण गर्ने, पुल तथा नाली बनाउनेलगायतका संरचनागत कामसमेत सुस्तगतिमा भइरहेका छन् । साँगा क्षेत्रमा अन्डरपास निर्माणको काम निरन्तर भइरहेको छ । साँगा भञ्ज्याङमा निर्माणाधीन अन्डरपास सम्पन्न भएपछि स्थानीय बस्तीबाट आउने-जाने सवारीसाधन तथा पैदलयात्रीलाई सहज भएको स्थानीय जीवन श्रेष्ठले बताउनुभयो ।

पुल निर्माणको काम आयोजनाको महत्त्वपूर्ण पक्ष बनेको छ । आयोजनाअन्तर्गत जगाती, महादेव खोला र पुण्यमाता खोलामा गरी कुल ३ स्थानमा १२ वटा पुल निर्माणका लागि एम/एस हिमडुङ एन्ड थोकर-रामजानकी जेभीसँग सम्झौता भएको छ ।

‘डिजाइन एन्ड बिल्ड’ मोडलमा निर्माणाधीन उक्त पुलको भौतिक प्रगति हालसम्म १० प्रतिशत र आर्थिक प्रगति तीन दशमलव २८ प्रतिशतमा सीमित छ । पुल निर्माणका क्रममा आवश्यक डिजाइन पुनरावलोकन तथा प्राविधिक विषयका कारण समय लागेको आयोजनाका इन्जिनियर विष्णु खनालले बताउनुभयो ।

ढिलाइ हुनुमा बजेट अभाव पनि प्रमुख कारण बनेको छ । आयोजना कार्यान्वयन एकाइका सूचना अधिकारी अञ्जु परियारले सरकारले भुक्तानी दिन ढिलाई गरिरहेको बताउनुभयो । आयोजनाका लागि चालु आर्थिक वर्षमा कुल रु. ९३ करोड १० लाख १७ हजार ७ सय १६ बजेट विनियोजन भएको छ । जसमध्ये चालुतर्फ रु. दुई करोड ३२ लाख १७ हजार ७ १६ र पुँजी गततर्फ रु. ९० करोड ८९ लाख छुट्याइएको छ ।

इन्जिनियर खनालका अनुसार स्थानीयस्तरमा देखिएको विवाद, विद्युत्का पोल, खानेपानीका पाइप तथा अप्टिकल फाइबर स्थानान्तरणमा भएको ढिलाइ, साइट क्लियरन्सको समस्या, बिटुमिन तथा इन्धनको सङ्कट र निर्माण सामग्रीको मूल्य वृद्धिलगायतका कारणले काम सोचेअनुसार अघि बढ्न सकेको छैन ।

नेपाल विद्युत् प्राधिकरणका उच्च तथा मध्य भोल्टेजका पोल, खानेपानीका मुख्य पाइप लाइन तथा अप्टिकल फाइबर समयमै स्थानान्तरण हुन नसक्दा कतिपय स्थानमा निर्माण प्रभावित भएको थियो । जगाती, नलिंचोक, साँगा तथा बनेपाका मुख्य बजार क्षेत्रमा सडक मापदण्डभित्र पर्ने घरटहरा हटाउने, जग्गा प्राप्ति तथा पुलको डिजाइनलगायतका विषयले पनि निर्माणको सुरुआती गति प्रभावित गरेको आयोजना कार्यालयले जनाएको छ ।

निर्माण कम्पनीले एकातिर सडक विस्तारको काम गर्नुपर्ने र अर्कोतिर नियमित सवारी आवागमन व्यवस्थापन गर्नुपर्ने अवस्था छ । सुक्खायाममा निर्माणस्थलबाट उड्ने धुलो तथा वर्षायाममा हिलो, पानी र अव्यवस्थित डाइभर्सनका कारण आवागमन प्रभावित हुने गरेको छ ।

पर्याप्त पानी नछर्किएको तथा नाली निर्माणमा ढिलाइ भएको भन्दै स्थानीयवासी, व्यवसायी तथा यात्रुले गुनासो गर्दै आएका छन् । जगातीदेखि बनेपासम्म सामान्य अवस्थामा करिब ४५ मिनेटमा पार गर्न सकिने दूरी सवारी जामका कारण बनेपादेखि काठमाडौँसम्म पुग्न दुई घण्टा समय लाग्ने गरेको यात्रुहरू बताउँछन् ।

विशेषगरी साँगा क्षेत्र सवारी चापका कारण संवेदनशील बन्दै आएको छ । काठमाडौँ उपत्यका प्रवेश गर्ने मुख्य पूर्वी नाका भएकाले यस सडकमा दैनिक ठुलो सङ्ख्यामा सवारीसाधन सञ्चालन हुने गर्छन् ।

विपी राजमार्ग हुँदै सिन्धुली, महोत्तरी, बर्दिबास, उदयपुर तथा कोसी प्रदेशका विभिन्न जिल्लातर्फ जाने-आउने सवारी साधनको चापसमेत यही सडकमा पर्छ । निर्माणका क्रममा पर्याप्त वैकल्पिक मार्ग तथा डाइभर्सनको व्यवस्थापन हुन नसक्दा साँगा भञ्ज्याङ तथा बनेपा बजार क्षेत्रमा सवारी जामको समस्या देखिँदै आएको छ ।

सडक निर्माण र सवारी सञ्चालनलाई एकै पटक व्यवस्थापन गर्नुपर्ने भएकाले सामान्य अवस्थामा लाग्ने भन्दा बढी समय यात्रामा खर्च हुने गरेको छ ।

सडक निर्माणसँगै उक्त संरचना तयार भएपछि सडकको उपयोगिता तथा यात्रुको सुरक्षामा सुधार आउने छ । सडकलाई चौडा बनाउने मात्र नभई आधुनिक र सुरक्षित राजमार्गका रूपमा विकास गर्ने लक्ष्यसहित आयोजना अघि बढाइएको हो । ***रासस***

**विषय...**

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले २०१६, २०४८ र २०७४ सालमा आएको श्रम ऐनले मजदुर वर्गको हित गर्न नसकेको स्पष्ट पार्दै समाजवादी व्यवस्थाले मात्र मजदुरहरूको हित गर्ने भएकोले समाजवादी व्यवस्था स्थापना गर्नु जरूरी छ भन्नुभयो ।

कानुन अध्ययन समाज नेपालका अध्यक्ष अधिवक्ता रामप्रसाद प्रजापतिले सामाजिक सुरक्षा कोषमा आबद्ध भई मजदुरहरूले वार्षिक स्वास्थ्य बिमा र अन्य सेवाहरू लिन सकिने जानकारी दिनुभयो ।

श्रम ऐन २०७४ मा व्यवस्था भएको श्रम सम्झौता, विषयगत सम्झौता, समयगत सम्झौता, आकस्मिक सम्झौता र हायर एन्ड फायरबारे जानकारी दिँदै उहाँले पुँजीपति वर्गले बनाइने श्रम ऐनबाट मजदुरहरूको हित नहुनेतर्फ सचेत हुनु जरूरी छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष विष्णुराम दुमरूको सभापतित्वमा भएको कार्यक्रममा समितिका उपाध्यक्ष विक्रम ढुकुछु र सचिव रमेश दुमरूले पनि बोल्नुभएको थियो ।

हार्दिक समवेदना



जन्म
२०००/०६/०४

स्वर्गारोहण
२०८३/०५/२२

न्हुछेमाया बाइजु

हाम्रा आत्मिय मित्र आसराम बाइजुकी ममतामयी माता **न्हुछेमाया बाइजु**को दुःखद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

भाजु पुच:

कृष्णराम न्हेमाफुकी    राजभाइ त्वानाबासु    सीताराम गोसाई
देवभक्त खर्बुजा    आसकाजी सुवाल    देबेन्द्र बासुकला
लक्ष्मीप्रसाद सुवाल    प्रबिन लिबी    बिकल सैंजु

**भक्तपुर...**

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेंले भक्तपुर काण्डमा भक्तपुरका जनतामाथि रचिएको षड्यन्त्रले डर-त्रासको वातावरण सिर्जना गरी दुःख र मानवीय सङ्कट निम्त्याएको बताउनुभयो ।

भक्तपुर काण्डजस्तो षड्यन्त्र फेरि फेरि भइरहनेप्रति सचेत हुनु जरूरी भएको उल्लेख गर्दै उहाँले पार्टीप्रति आस्थावान र पार्टीको सिद्धान्त तथा उद्देश्यप्रति इमानदार हुन सके जस्तोसुकै विपत्ति आइपरे पनि विचलित हुन नपर्ने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य कमलमैया सुवालले भक्तपुर काण्ड पञ्चायती राज्य स्तरबाट रचिएको षड्यन्त्र भएको स्पष्ट पार्दै उक्त काण्डमा पार्टीका निर्दोष नेता-कार्यकर्ताविरूद्ध झूटो ज्यान मुद्दा दर्ता गरेको बताउनुभयो ।



नेपाल नगरपालिका कर्मचारी एसोसियसन भक्तपुर नगरपालिका एकाइ समितिका अध्यक्ष गौतमप्रसाद लासिवाले भक्तपुर काण्डमा तत्कालीन नगर पञ्चालयतमा कार्यरत निर्दोष कर्मचारीहरू समेत पीडित भएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीले अन्याय र अत्याचारको विरोधमा स्थापनाकालदेखि सङ्घर्ष गर्दै जनतालाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्ने कार्य गरिरहेको छ भन्नुभयो ।

कार्यक्रममा समितिका दिलकृष्ण माक, राजेश दिष्टि र विकास प्रजापतिले पनिबोल्नु भएको थियो ।

**कार्की...**

**Digital Proxy War (विचारबारे माथिको आक्रमण) :-**

हाल नेपालमा सबैभन्दा प्रयोग भएको र गरिएको आक्रमण हो Digital Proxy War । हातहतियार गोलीगट्ठाले शरिरलाई मार्न सक्छ तर गलत विचार र सूचनाले पुरै पुस्तालाई नियन्त्रण गर्छ ।

**१) सूचनाको विष (Information Poison) :-**

सामाजिक सञ्जालका करोडौं प्रयोगकर्ताहरू माझ यो एक शक्तिशाली तथा घातक यन्त्र हो। यसले केवल झूटमात्र नभई ध्यान भड्काउने, एक आपसमा घृणा बढाउने र आपसी विश्वास तोड्ने काम गर्दछ ।

**२) अदृश्य शक्ति (Invisible Enemy) :-**

यस युद्धमा शत्रु देखिँदैन । किनकि, यसमा अल्गोरिडम मित्र जस्तो देखिन्छ । तर, व्यवहारमा यसले प्रयोगकर्ताको डिजिटल व्यवहार पढी बुझी अल्गोरिडमले शासकको भूमिका निर्वाह गर्छ ।

**शक्ति सन्तुलनमा बदलाव (Shift in the balance of power) :-**

नेपालजस्तो देशमा नीति निर्माणलगायतका प्रक्रियाहरू निकै सुस्त छन् । संसारमा प्रविधिको विकास दिन प्रतिदिन चौबर गुणाले बढिरहेको हुँदा नेपालमा (Non-state actors) टेक कम्पनी/अल्गोरिडमको प्रभाव सबै क्षेत्रमा पर्न थालिसकेको छ । यसका कारणले गर्दा राज्यबाट शक्ति बिस्तारै टेक शक्तिहरूको हातमा सर्दैछ ।

**चुनावी माहोल र Engineered Popularity :-**

देश चुनावी माहोलमा रहेको बेला हामीले सामाजिक सञ्जालहरू खोल्दा, हेर्दा तथा समाचारसमेत पढ्दा न्यूज फिडमा विज्ञापन, व्यक्ति विशेषलगायतका विभिन्न सामाग्रीहरू देखिरहेका छौं ।

**के नेपालको आगामी भविष्य संसद्ले लेख्छ ? कि सफ्टवेयरको कोडले हो ? भन्ने अहिलेको गम्भिर प्रश्न हुन सक्छ ? भ्रमको ट्रेन्ड (Illusion of trend)**

१) हाल सामाजिक सञ्जालमा चलिरहेको देखिने टेन्डहरू सधैं वास्तविक आवाज नभएर, यो धेरै जस्तो योजनाबद्ध लोकप्रियता (Engineered Popularity) मात्र हुन सक्छ ।

**२) निर्णयको आधार (Basis for decision-making) :-**

आजको नेपालमा कुन राजनीतिक मुद्दा उठ्ने र कुन दबाउने तथा नदेखाउने कुनै तर्क वा बहसले होइन अल्गोरिडमले तय गरिरहेको हुन्छ । जसले गर्दा लोकतन्त्र जरैदेखि कमजोर भइरहेको छ ।

**नेपाल कसरी अदृश्य जेल र Digital Proxy War को सिकार बन्दै छ ?**

**बिना हातहतियार (गोलीगट्ठा/बारुद) हारिने युद्ध :-**

नेपाल आज एउटा यस्तो युद्ध हार्दैछ, जसको हारको घोषणा कहींकतै गरिएको छैन । किनकि युद्ध शान्त, शालिन र आरामदायी छ । इतिहासमा भएका युद्धहरू भूगोलका थिए तर यो युद्ध मानसिक क्षेत्रको लागि हो । हालको अवस्था परिस्थितिलाई नजिकबाट नियाल्दा हरेक व्यक्तिको विचार नै युद्धको मैदान बनेको छ । यस युद्धको मुख्य कारक तत्त्व वा यसको प्रधानसेनापति अल्गोरिडम हो । जसले नेपाललाई अदृश्य जेलमा बन्द गर्ने प्रयास गरिरहेको छ । त्यस्तो अदृश्य जेल: जहाँ पर्खाल छैन, केवल अभिरुचीहरू (Preferences) छन् ।

नेपाल एक स्वतन्त्र देशजस्तो देखिए तापनि नेपालका नागरिकहरू विचार र व्यवहारमा स्वतन्त्र छैनन् । यहाँका नागरिकहरू बन्धनमा (जेलमा) छैनन् तर प्रत्येक नागरिकहरूको सोच सीमित छ । यो जेल पर्खालले होइन, अभिरुचीहरूले बनाइन्छ ।

**चेतना नै पहिलो प्रतिरोध :-**

नेपालमा विचार सुरक्षित भएन भने राष्ट्र, राष्ट्रियता र राष्ट्रको सिमानासमेत सुरक्षित रहन सक्दैन । यो अदृश्य जेल र अल्गोरिडमबाट बच्ने भनेको नागरिक चेतना हो । यसमा सबै नेपालीलगायत नेपाल सरकारको समयमा नै ध्यान जान जरुरी छ ।

विश्वकर्मा बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह रोड, भक्तपुर-८, फोन नं.: ०१-६६२०६५४

१९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको १९ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्पूर्ण सदस्य महानुभावहरू समयमै सहभागी हुन हार्दिक अनुरोध गर्दछ ।

कार्यक्रम
**मिति** : २०८३ असोज २६ गते, सोमबार
**समय** : बिहान ११ :०० बजे
**स्थान** : संस्थाको कार्यालय, च्याम्हासिंह- ८, भक्तपुर
**उपस्थिति समय** : बिहान ७:०० बजेदेखि २:०० बजेसम्म

नोट :
- साधारणसभामा उपस्थित हुँदा अनिवार्य रूपमा परिचयपत्र वा पासबुक लिई स्वयम् उपस्थित हुनु पर्नेछ । अन्यथा पारबहन खर्च उपलब्ध गराइने छैन ।
- साधारणसभाको मितिसम्म ६ महिना ऋणमा भाखा नाघेका र बचत छुटेका सदस्यहरूलाई लाभांस र पारबहन खर्च उपलब्ध गराइने छैन ।
- २०८२/०८३ सालमा SEE उत्तीर्ण हुनु भएका सदस्य तथा सदस्यका छोराछोरीहरूलाई सम्मान गरिने हुँदा लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि यस संस्थामा २०८३/०६/२० गतेभित्र बुझाउनुहुन अनुरोध गर्दछ ।
- शेयर रू. ३००।- र मासिक बचत रू. २००।- जम्मा गरी २०८३ असोज १ गतेदेखि २० गतेसम्म नि:शुल्क सदस्यता वितरण गरिनेसमेत सहर्ष जानकारी गराइन्छ ।
- साधारणसभाको पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थित हुन अनुरोध छ ।

अनुरोधक
सञ्चालक समिति

हार्दिक समवेदना



जन्म
२००४/०५/०३

स्वर्गारोहण
२०८३/०५/०९

बद्रीनारायण मानन्धर

यस ७ नं. वडाका पूर्व वडा सदस्य एवं सांस्कृतिकर्मी **बद्रीनारायण मानन्धर**को असामयिक निधन भएको हुँदा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

भक्तपुर नगरपालिका ७ नं. वडा कार्यालय परिवार
गोल्मढी, भक्तपुर

‘सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश’
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

निर्वाचन कार्यक्रमसम्बन्धी सूचना (अनुसूची १)

| सि.नं. | विवरण | मिति | समय |
|---|---|---|---|
| १ | मतदाताको पहिलो नामावली प्रकाशन | २०८३/५/२३ गते | १०:०० बजे |
| २ | मतदाता नामावलीउपर दाबी विरोध | २०८३/५/२४ गते | १:०० बजेसम्म |
| ३ | मतदाताको अन्तिम नामावली प्रकाशन | २०८३/५/२५ गते | १०:०० बजे |
| ४ | उम्मेदवारको दर्खास्त | २०८३/५/२८ गते | ३:०० बजेसम्म |
| ५ | उम्मेदवारको पहिलो नामावली प्रकाशन | २०८३/५/२९ गते | १०:०० बजे |
| ६ | उम्मेदवारउपरको दाबी विरोध | २०८३/५/३० गते | १:०० बजेसम्म |
| ७ | दाबी विरोधउपर छानबिन | २०८३/५/३१ गते | |
| ८ | उम्मेदवारी फिर्ता | २०८३/६/४ गते | १:०० बजेसम्म |
| ९ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८३/६/५ गते | ३:०० बजे |

द्रष्टव्य : थप निर्वाचन प्रक्रिया र अन्य विषयहरुमा आवश्यकताअनुसार निर्वाचन समितिले निर्णयहरु गरी सूचना प्रकाशित गरिनेछ ।

प्रकाशित मिति : २०८३/५/२२ गते

संयोजक
निर्वाचन समिति
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा